

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५२ ★ ने. सं. ११४६ तछला थ्व, दशमी ★ बुधबार ★ १० असार, २०८३ ★ June 24, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा कोरियाली मजदुर पार्टीको नवौं केन्द्रीय समितिको दोस्रो विस्तारित बैठकको समापनमा सम्बोधन गर्दै पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जोङ उन जून २२, २०२६ का दिन । जून २०-२२ सम्म भएको बैठकले यस वर्षको अर्धवार्षिकमा पार्टी र राज्यको मुख्य नीतिहरूको कार्यान्वयनको समीक्षा गर्नुका साथै देशको समाजवादी निर्माण तथा विकासको दिगो मार्गलाई स्थिर राख्न आवश्यक नीतिहरू तय गरेको छ । *तस्बिर : केसिएनए*

# प्यालेस्टिनी बालबालिकाहरू दुर्व्यवहारको उच्च जोखिममा : संयुक्त राष्ट्रसङ्घ



न्युयोर्क, २३ जून (क्यूएनए) । मानव अधिकारवादीहरू तथा मानवीय संस्थाहरू गाजा र वेस्ट बैङ्कलगायत इजरायलले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायली दमन र दबाबका कारण आफ्नो काम रोक्न वा घटाउन बाध्य भएकाले प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित र दुर्व्यवहारको उच्च जोखिममा रहेको चेतावनी बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले दिएको छ ।

विज्ञप्ति जारी गर्दै समितिले मानव अधिकार रक्षकहरू र अन्य नागरिक समाजलगायतका सङ्गठनहरूलाई आतङ्ककारीको आरोप लगाउने इजरायलको दमनकारी रणनीतिको कडा शब्दमा निन्दा गरेको छ ।

सैन्य छापा, यात्रा प्रतिबन्ध, व्यक्तिगत वित्तीय प्रतिबन्ध, गिरफ्तारीको धम्की, र उनीहरूको कामलाई समर्थन गर्ने साझेदारहरू विरुद्ध प्रतिबन्धको धम्कीलगायतका कारणहरूले मानव अधिकारवादी संस्थाहरूलाई सुरक्षित रूपमा मानविय सेवा सञ्चालन गर्न असम्भव बनाएको जनाइएको छ ।

समितिले यस क्षेत्रमा चलिरहेको उत्पीडन, धम्की, प्रतिबन्ध, प्रतिबन्ध र उनीहरूको प्रतिष्ठामा आक्रमणका कारण बालबच्चाहरूलाई समर्थन गर्ने संस्थाहरूले आफ्नो सेवा सुविधा रोक्न वा घटाउन बाध्य भएकोमा गहिरो चिन्ता व्यक्त गर्दै तीन दशकभन्दा बढी समयदेखि यी संस्थाहरूले प्यालेस्टिनी बालबालिकाको रक्षा गर्न, भूमिका खेलेको बताएको छ ।

यी संस्थाहरूको सक्रियताबिना, प्यालेस्टिनी बालबालिकाहरू असुरक्षित हुनुका साथै उनीहरूको अधिकारको उल्लङ्घन दण्डहीनताका साथ जारी रहने जोखिम उच्च हुने कुरामा समितिले जोड दिएको छ । यसले इजरायललाई गाजा र वेस्ट बैङ्कलगायत कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूमा बाल अधिकार रक्षकहरू र मानवीय संस्थाहरूले सामना गर्ने सबै प्रतिबन्धहरू र अवरोधहरू तुरुन्तै हटाउन र उनीहरूलाई सुरक्षित र स्वतन्त्र रूपमा आफ्नो काम गर्न अनुमति दिन आह्वानसमेत गरेको छ ।

प्यालेस्टिनी मानव अधिकार रक्षकहरूलाई लक्षित गरी गरिएका आक्रमण र दमनका लागि इजरायली अधिकारीहरूलाई जवाफदेही बनाउन र प्यालेस्टिनी बालबालिकाको जीवन र अधिकारलाई प्राथमिकता दिन अन्तर्राष्ट्रिय समुदायलाई सबै उपलब्ध माध्यमहरू प्रयोग गर्न पनि समितिले आग्रह गरेको छ ।

गम्भीर जोखिम र सीमित स्रोतका बाबजुद, बाल अधिकार रक्षकहरूले असाधारण खतरनाक अवस्थामा प्यालेस्टिनी बालबालिका र परिवारहरूसँग उभिएर उनीहरूलाई संरक्षण गर्नुपर्ने जनाउँदै थप सजाय दिन नहुने बताइएको छ ।

# भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित



भक्तपुर, ९ असार । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा मङ्गलबार बसेको बीसौं नगरसभाको बैठकबाट आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित भयो ।

सभामा नगर प्रमुख प्रजापतिले नगरको समृद्धि, सुशासन र जनसेवालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरिएको र यसको प्रभावकारी कार्यान्वयनमा सबै जनप्रतिनिधि, कर्मचारी तथा नगरवासीको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो ।

आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक छलफल तथा परामर्श गरिएको जानकारी दिँदै उहाँले नागरिक सहभागितालाई सुनिश्चित गर्न अनलाइन माध्यमबाट समेत राय-सुझाव सङ्कलन गरिएको बताउनुभयो ।

नगरवासी तथा विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त सुझावहरूलाई सङ्कलन गरी आवश्यकता र प्राथमिकताका आधारमा विश्लेषण गरिएको तथा सोही आधारमा नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गरिएको उहाँले बताउनुभयो ।

नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रममाथि सात जना सभासद्हरूले


***बाँकी पृष्ठ ८ मा***


# मालपानीको सम्पत्तिको स्रोत खोज्नुपर्ने

काठमाडौँ, ९ असार । केही हप्ताअघि एक सञ्चारमाध्यममा वरिष्ठ पत्रकार प्रतीक प्रधानले बहुदलीय व्यवस्था पुनस्थापनाको ३०–४० वर्षयता काठमाडौँमा घर बनाउने नब्बे प्रतिशत भ्रष्टाचारी भएको खुलासा गरेका थिए ।


यो अवधिमा विष्णु पौडेल एमालेबाट उपप्रधानमन्त्रीसहित पाँच पटक अर्थ र एक एक पटक युवा, खेलकुद, संस्कृति, जलस्रोत, रक्षामन्त्री भएका थिए भने पाँच पटक सांसद भएका थिए ।

सम्पत्ति सुद्धीकरणसम्बन्धी विशेष अदालतमा दर्ता भएको मुद्दाका एक आरोपी दीपक भट्टको बयानअनुसार हाल एमालेको उपाध्यक्षसमेत रहेका पौडेल सो मुद्दामा मुछिए पछि सरकारले असार ८ गते उनलाई सुर्खेतबाट पक्राउ गरी काठमाडौँ ल्याएको हो । अर्थमन्त्री हुँदा पौडेलले एक कम्पनीको शेयर भट्टको कम्पनी इन्फिनिटी होल्डिङ्सलाई सस्तोमा बेच्न दबाब दिएको भट्टको बयान रहेको उल्लेख छ ।

एमाले नेता पौडेलले ३०–४० वर्षयता ललितपुरको भैसेपाटीमा जग्गा किनी घर ठड्याएको हो । तीस–चालीस वर्षयता काठमाडौँमा घर ठड्याउनेहरूको के कसरी स्रोत जुट्यो सरकारले खोजी गरे भ्रष्टाचारीहरू फेला पर्नेछ ।


***बाँकी पृष्ठ ८ मा***


***व्यङ्ग्यचित्रको कुनो***





**बाँसका सामग्री बुन्दै स्थानीय :** रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिका-३ स्थित पिप्रा भलोहियामा बाँसको पङ्खा, डाली तथा विभिन्न सामग्रीहरू बुन्दै स्थानीय डुम समुदायका नागरिक । *तस्बिर: रमेश तिमलसिना/रासस*

# तराईमा तातो लहर कायमै

काठमाडौँ, ९ असार । जल तथा मौसम विज्ञान विभागले नेपालमा मनसुन प्रवेश भए पनि तराईमा तातो लहरको जोखिम कायमै रहने जनाउ दिएको छ ।

लुम्बिनी प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको सम्भावना रहे पनि तराईका एकदुई स्थानमा तातोलहर ( हिटवेभ) को जोखिम कायमै रहेको विभागले सुदूरपश्चिम प्रदेशको तराई क्षेत्रमापनि तातोलहर चल्न सक्ने सम्भावना औँल्याइएको छ ।

मौसम पूर्वानुमान अनुसार धनगढी र नेपालगन्जमा मङ्गलबार तातो हावाको लहर (हिटवेभ) चल्ने सम्भावना र धनगढीमा अधिकतम् तापक्रम ३८ देखि ४० डिग्री सेल्सियस तथा नेपालगन्जमा ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान गरिएको छ ।

वीरेन्द्रनगर, घोराही र भैरहवालगायतका तराई क्षेत्रमा 'तातो दिन' को अवस्था रहने, तथा पोखरा, काठमाडौँ, ओखलढुङ्गा, धनकुटा, विराटनगर, धरान, जिरी र ताप्लेजुङलगायत क्षेत्रमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

पोखरा, ओखलढुङ्गा, धनकुटा, विराटनगर र ताप्लेजुङमा वर्षाको सम्भावना ४० प्रतिशतसम्म रहेको विभागले पूर्वानुमान गरेको छ ।

काठमाडौँ उपत्यकामा मङ्गलबार दिउँसो मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने सम्भावना ४० प्रतिशत रहेको छ भने राति हल्का वर्षाको सम्भावना ३० प्रतिशत रहेको विभागले जनाएको छ । उपत्यकाको अधिकतम् तापक्रम २९ देखि ३१ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ ।

विभागका मौसमविद् सञ्जीव अधिकारीले मङ्गलबार देशका अधिकांश प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको जानकारी दिनभयो । उहाँले कोसी, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा वर्षा हुने सम्भावना रहेको बताउनुभयो ।

विभागले जारी गरेको प्रादेशिक मौसम पूर्वानुमानअनुसार कोसी प्रदेशका हिमाली, पहाडी र तराई क्षेत्रका धेरै स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा हुने सम्भावना छ । त्यसैगरी, वाग्मती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा पनि वर्षाको गतिविधि सक्रिय रहने अनुमान गरिएको छ ।

मधेस प्रदेशका तराई क्षेत्रमा आंशिक बदली रही एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित वर्षा हुनसक्ने जनाइएको छ । वाग्मती र गण्डकी प्रदेशका तराई क्षेत्रमा भने वर्षासँगै तातो दिनको अवस्था रहने सम्भावना छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ भने रातिको समयमा अधिकांश तराई क्षेत्रमा मौसम सामान्यतया सफा रहने बताइएको छ ।

विभागले मेघगर्जन, चट्याङ तथा तातो लहरबाट प्रभावित हुनसक्ने क्षेत्रका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । ***(रासस)***

# दशकअघि खुला दिसामुक्त घोषणा
# मुसहर बस्ती अझै शौचालयविहीन

जनकपुरधाम, ९ असार । नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको करिब आठ वर्ष बितिसक्दा पनि धनुषाको एक मुसहर दलित बस्तीका स्थानीय अझै खुला स्थानमा शौच गर्न बाध्य छन् । सरकारको खुला दिसामुक्त अभियान र सरसफाइ क्षेत्रमा गरिएको लगानीका बाबजुद धनुषाको सहिदनगर नगरपालिका-५ स्थित पचहर्वा मुसहर बस्तीका अधिकांश परिवार खुला स्थानमा शौच गर्न बाध्य छन् ।

सो बस्तीका उर्मिला सदाका लागि खुला स्थानमा शौच गर्नु दैनिक जीवनको बाध्यता बनेको छ । घरमा शौचालय नहुँदा उहाँ राति वा बिहान सबेरै अँध्यारोमा शौच गर्न खेततिर जानुहुन्छ । "खुला ठाउँमा शौच गर्दा लाज लाग्छ, कतिपय खेतधनीले गालीसमेत गर्छन्", उहाँ भन्नुहुन्छ, "यो समस्या महिलाका लागि झन् जटिल बनेको छ ।"

एक सयभन्दा बढी घरधुरी रहेको उक्त बस्तीमा तीन घरमा मात्र शौचालय रहेको छ । बाँकी परिवारले वर्षौंदेखि खेतबारी, बाँसघारी र खोल्साका किनारामा दिसापिसाब गर्दै आएका छन् । उक्त वडा २०७५ सालमै खुला दिसामुक्त घोषणा गरिएको थियो । तर दलित समुदायको यो बस्ती भने सरसफाइ सुविधाको पहुँचबाट टाढै रहेको छ ।

स्थानीय शोभेन्द्र सदाका अनुसार बस्तीमा करिब ३७० जनाको बसोबास छ । वृद्धवृद्धा, महिला, पुरुष र बालबालिकासमेत खुला स्थानमै शौच गर्न बाध्य छन् । कतिपय परिवारसँग शौचालय निर्माणका लागि आवश्यक जग्गा छैन भने कतिपयले आर्थिक अभावका कारण निर्माण गर्न नसकेको स्थानीय परमदेवी सदाको भनाइ छ । केहीले भने सरकारी सहयोगको आशामा शौचालय निर्माण नगरेको उहाँ बताउनुहुन्छ ।

परमदेवीका अनुसार महिला राति पुरुष सुतेपछि वा बिहान उज्यालो हुनुअघि खेततिर जान बाध्य छन् । "खुला ठाउँमा बस्दा सर्प तथा विषालु किराको डर हुन्छ, कसैले देख्ला कि भन्ने चिन्ता पनि उत्तिकै हुन्छ", उहाँ भन्नुहुन्छ, "वर्षायाममा खेत डुबान हुँदा समस्या अझ गम्भीर बन्ने गर्छ ।"

उक्त बस्तीका अधिकांश परिवार सुकुमवासी छन् । उहाँहरूसँग न पर्याप्त जग्गा छ, न शौचालय निर्माण गर्न आवश्यक आर्थिक स्रोत नै । बसोबास गरिरहेको सानो घरबाहेक अन्य जमिन नभएकाले ती बस्तीका स्थानीय अरुको खेतबारीमा निर्भर हुनुपरेको छ । यसले सरसफाइ मात्र होइन, मानव मर्यादा र सुरक्षासँग सम्बन्धित प्रश्न उठाएको स्थानीय रामदयाल सदाको भनाइ छ ।

रामदयालका अनुसार खुला दिसापिसावका कारण बस्ती वरपरको वातावरण फोहर बन्दै गएको छ । "शौचालय अभावका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगको जोखिम बढेको छ", उहाँ भन्नुहुन्छ, "सरसफाइको कमीले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुने गरेका छन् ।"

हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै एक हजारभन्दा बढी परिवार शौचालयविहीन छन् । धनुषाको सबैला नगरपालिका, विदेह नगरपालिका, मिथिला विहारी नगरपालिका तथा क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहका विपन्न बस्तीमा अझै शौचालयको समस्या रहेको उहाँको भनाइ छ ।

नेपाललाई २०७५ सालमा खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो । त्यसबेला दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको दाबी गरिएको थियो । तर पचहर्वा मुसहर बस्तीको यथार्थले घोषणाको प्रभावकारितामाथि प्रश्न उठाएको छ । सरसफाइ अभियानका नाममा अर्बौं रूपैयाँ खर्च भए पनि विपन्न, दलित र सुकुमवासी समुदायसम्म आधारभूत सुविधा पुग्न नसक्नु चुनौतीका रूपमा देखिएको सहिदनगर नगरपालिकाका स्थानीय युवा कमलेश इँदव बताउनुहुन्छ । विपन्न दलित समुदायको आधारभूत सरसफाइको अधिकार सुनिश्चित नभएसम्म खुला दिसामुक्त राष्ट्रको उपलब्धि पूर्ण रूपमा सार्थक हुन नसक्ने उहाँको भनाइ छ । ***(रासस)***

# एकमहिने साङ्केतिक भाषा कक्षा सम्पन्न




मध्यपुर, ९ असार । मध्यपुर नगरपालिकाको सहयोगमा भक्तपुर बहिरा सङ्घअन्तर्गत मध्यपुर नगर बहिराको समन्वय समितिको आयोजनामा सोमबार एकमहिने साङ्केतिक भाषा प्रशिक्षणको समापन कार्यक्रम मध्यपुर वडा नं ६ का जनप्रतिनिधि एवं अपाङ्गता समन्वय समितिका सदस्य अरुणा कारंजितको प्रमुख आतिथ्यमा मध्यपुरको आदर्श माध्यमिक विद्यालय लाय्कुमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि अरुणा कारंजितले साङ्केतिक भाषा प्रशिक्षण अभिभावकलाई मात्र होइन हरेक सेवाप्रदाय कार्यालयका कर्मचारीलाई दिइएमा बहिराले पनि आवश्यक सेवा सुविधा सहजै प्राप्त हुनेछ, यसको लागि सम्बन्धित निकायबाट आवश्यक बजेट व्यवस्थापन गर्नुपर्छ भन्नुभयो ।

महिला बालबालिका सामाजिक समावेशी शाखा प्रमुख राजिया चौधरी, राष्ट्रिय बहिरा महासङ्घका उपाध्यक्ष शिखा प्रधान, मानव विद्या गृहका प्रिन्सिपल एवं अपाङ्गता समन्वय समितिका सदस्य बाबुकृष्ण रंजित, आदर्श मावि लाय्कुका सहप्रधानाध्यापक हरिबहादुर श्रेष्ठ तथा बहिरा अपाङ्गता समन्वय समितिका जगतकृष्ण प्रजापतिको उपस्थितिमा मनपा ६ का जनप्रतिनिधि, अपाङ्ग समन्वय समितिका सदस्य अरुण कारंजितले प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

एकमहिने साङ्केतिक भाषा गत जेठ ४ गतेदेखि असार ३ गतेसम्म सञ्चालन भएको थियो । साङ्केतिक भाषा प्रशिक्षणमा बहिरा बालबालिकाका १२ जना अभिभावक प्रशिक्षार्थीलाई भक्तपुर जिल्ला बहिरा सङ्घका अध्यक्ष तथा प्रशिक्षक जयराम पकानेवारले प्रशिक्षण दिनुभएको थियो । उक्त कार्यक्रममा प्रशिक्षाथीको तर्फबाट गणेशप्रसाद पोखरेलले बोल्नुभएको थियो । नेपाल टेलिभिजनका साङ्केतिक भाषाका सञ्चारकर्मी दोभाषे नानु जयनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# द्वन्द्वप्रभावित परिवारका विद्यार्थीलाई छात्रवृत्ति वितरण

काठमाडौँ, ९ असार । वन्यजन्तुको आक्रमणबाट अभिभावक गुमाएका मानव-वन्यजन्तु द्वन्द्व प्रभावित परिवारका विद्यार्थीलाई मङ्गलबार छात्रवृत्ति प्रदान गरिएको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले निकुञ्ज कार्यालयमा आयोजित कार्यक्रममा प्रभावित परिवारका छात्रछात्रालाई जनही रु. १० हजारका दरले छात्रवृत्ति रकम हस्तान्तरण गर्नुभएको हो ।

विभिन्न समयमा बाघ, भालु, गैँडा तथा हात्तीको आक्रमणमा परी अभिभावक गुमाएका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई उक्त आर्थिक सहयोग प्रदान गरिएको हो । छात्रवृत्ति पाउने नौ जना विद्यार्थीमध्ये चार जनाले यस वर्ष पनि निरन्तरता पाएको मन्त्रीको सचिवालयले जनाएको छ ।

राहत पाउनेमा निकुञ्ज आसपासका पौपाण्डव, बघौडा, रैवा, बूढीराप्ती, मेघौली, केरुङ्गा, अयोध्यापुरी मध्यवर्ती उपभोक्ता समिति तथा मृगकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति क्षेत्रका विपन्न एवं प्रभावित परिवारका बालबालिका छन् ।

स्थानीय तहमा वन्यजन्तुको उच्च जोखिमका बिच संरक्षणमा योगदान पुऱ्याउँदै आएका अति विपन्न परिवारलाई लक्षित गरी निकुञ्जले राष्ट्रिय प्रकृति संरक्षण कोषसँग मिलेर यो कार्यक्रम ल्याएको हो ।

छात्रवृत्ति वितरण गर्दै मन्त्री चौधरीले वन्यजन्तुको आक्रमणबाट पीडित बनेका र अधिकांश आर्थिक रूपमा कमजोर रहेका परिवारका बालबालिकाको शिक्षामा आर्थिक सहायताले थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

मध्यवर्ती क्षेत्रका बासिन्दाले भोग्नुपरेको पीडाप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै मन्त्री चौधरीले मानव र वन्यजन्तुबिचको द्वन्द्वलाई दीर्घकालीन रूपमा न्यूनीकरण गर्न तथा प्रभावितलाई उचित राहत एवं क्षतिपूर्ति दिलाउन सरकार निरन्तर प्रयासरत रहेको बताउनुभयो । ***(रासस)***

# खोखो प्रतियोगिता सुरु

काठमाडौँ, ९ असार । काठमाडौँ महानगरपालिकाले मङ्गलबारदेखि पहिलो पटक विद्यालयस्तरीय प्रथम उपमेयर कप खोखो प्रतियोगिता सञ्चालन गर्ने भएको छ । काठमाडौँ महानगरपालिकाको आर्थिक सहयोगमा नेपाल खोखो सङ्घले सामुदायिक विद्यालयस्तरीय प्रतियोगिता आयोजना गर्न लागेको हो ।

प्रतियोगिता सम्बन्धी जानकारी दिन आयोजित पत्रकार भेटघाट कार्यक्रममा पहिलोपटक महानगरपालिकाव्यापी विद्यालयस्तरीय प्रथम उपमेयर कप खोखो प्रतियोगिता गर्न लागिएको जानकारी दिइयो । महानगरपालिकाका शिक्षा अधिकृत केशव ज्ञवालीले, शिक्षा र खेलकुदका कार्यक्रमलाई समानान्तर तथा समान प्राथमिकताका साथ सञ्चालन गर्ने योजनाअनुरूप यो प्रतियोगिता गर्न लागिएको बताउनुभयो । प्रतियोगिताका लागि काठमाडौँ महानगरपालिकाले रु. ३० लाख प्रदान गर्नेछ । सङ्घले रु. ६ लाख लागत व्यहोर्नेछ ।

सङ्घका अध्यक्ष दीपक महर्जनले, विद्यालयस्तरमा खोखो खेलको विकासमा यो प्रतियोगिताले अवसर प्रदान गर्ने धारणा राख्नुभयो । उहाँका अनुसार प्रतियोगितामा सामुदायिक विद्यालय तह कक्षा १० सम्म अध्ययनरत छात्रछात्रा दुवै समूहका खेलाडीले भाग लिनेछन् । खेल लिग कम नकआउटका आधारमा खेलाइनेछ । प्रतियोगिताको निर्णयका लागि ३० निर्णायक मण्डल रहनेछ ।

## सङ्क्षिप्त समाचार

# जुम्लामा खानेपानी र सिँचाइका ९४ योजना कार्यान्वयनमा

जुम्ला, ९ असार । खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले चालु आर्थिक वर्षभित्रमा खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी करिब ९४ योजना कार्यान्वयनको अन्तिम चरणमा पुऱ्याएको छ ।

कर्णाली प्रदेशको जलस्रोत तथा ऊर्जा विकस मन्त्रालयबाट स्वाकृति भई आएका ९४ वटा योजनामध्ये ८५ वटा योजना उपभोक्ता समितिसँग सम्झौता भई अहिलेसम्म ५० बाट योजना निर्माण सम्पन्न भएका छन् । नौ योजना ठेक्का भई हालसम्म सात वटा योजना निर्माण सम्पन्न भएको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय जुम्लाका प्रमुख अकलबहादुर महतले जानकारी दिनुभयो ।

उक्त योजनामध्ये यहाका आठवटै स्थानीय तहका लागि मन्त्रालयबाट क्रमागत सिँचाइका ७३ वटा योजना रहेका छन् । १७ वटा योजना तटबन्धन र खानेपानीका २५ वटा योजना यो आर्थिक वर्षभित्र सम्पन्न हुने कार्यालय प्रमुख महतको भनाइ छ ।

खानेपानी, सिँचाइ, नदी नियन्त्रण र ऊर्जासम्बन्धी योजनालाई विशेष प्राथमिकतामा राखेर योजनालाई कार्यान्वयन गरिने भएको छ । कार्यालयले सञ्चालन गरेका सिँचाइ आयोजनाबाट यहाँका जमिनमा सिँचाइ सुविधा विस्तार भई खेतीयोग्य जमिनमा स्तरोन्नति भएको छ ।

चालु आवको जेठसम्म कूल बजेटको पुँजीगत खर्च करिब ५० प्रतिशत खर्च भएको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय जुम्लाले जनाएको छ । *(रासस)*

# समस्याग्रस्त सहकारी व्यवस्थापन तथा बचतकर्ताको हित संरक्षण गर्दै वाग्मती प्रदेश सरकार

वाग्मती, ९ असार । वाग्मती प्रदेश सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन तथा बचतकर्ताको हित संरक्षण गर्ने भएको छ ।

सरकारको आर्थिक वर्ष २०८३/०८४ को बजेटमा समस्याग्रस्त सहकारी व्यवस्थापन तथा बचतकर्ताको हित संरक्षण गर्ने गरी कार्यक्रम अघि सारिएको हो ।

सहकारी संस्थाहरूको अनुगमन, सुपरीवेक्षण र वित्तीय अनुशासनका लागि बजेट व्यवस्था गरिएको आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताउनुभयो ।

सार्वजनिक स्थलहरूमा सिसिटिभी क्यामरा जडान गरी डिजिटल क्राइम ट्र्याकिङ सिस्टम विकास गरिने बजेटमा उल्लेख छ ।

लागुऔषध दुरुपयोग, मानव बेचबिखन र साइबर अपराध न्यूनीकरणका लागि सुरक्षा सचेतना अभियान सञ्चालन गर्ने बजेटमा भनिएको छ । बाढी, पहिरो र डुबान प्रभावित क्षेत्रमा तटबन्ध निर्माण, विपद् स्वयंसेवक परिचालन र विपद् बीमा कार्यक्रम सञ्चालन गरिने मन्त्री तामाङले बताउनुभयो ।

सवारी साधनको चाप बढी हुने स्थानहरूमा ट्राफिक लाइट जडान र प्रदेशका मुख्य नाकाहरूमा स्मार्ट चेकपोस्ट स्थापना गरिने सरकारले जनाएको छ । *(रासस)*

# सम्पदास्थलको जग्गा विवाद समाधान गर्न निर्देशन

काठमाडौँ, ९ असार । विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौँ उपत्यकाका मुख्य सम्पदास्थलका जग्गा स्वामित्व विवाद समाधान गर्न महालेखापरीक्षकको कार्यालयले निर्देशन दिएको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र, बौद्धनाथ स्तुप क्षेत्र र स्वयम्भूनाथ क्षेत्रमा गुठी संस्थान र सम्बन्धित सम्पदास्थलमा रहेका कोष एवं समितिबिच जग्गा स्वामित्व विवाद रहेको महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको महालेखापरीक्षकको ६३ औँ प्रतिवेदनको कार्यमूलक लेखापरीक्षण खण्डमा उल्लेख छ ।

गुठी संस्थान ऐन, प्राचीन स्मारक संरक्षण ऐन तथा सम्बन्धित क्षेत्र विकास समितिको ऐन, नियमबिच सामञ्जस्यता कायम गरी मूर्त तथा अमूर्त सम्पदाको स्वामित्व किटान गरी सोको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महालेखापरीक्षकको प्रतिवेदनले निर्देशन दिएको हो ।

संस्थानले काठमाडौँमा एक हजार २८२, भक्तपुरमा ३०९ र ललितपुरमा ४२२ समेत उपत्यकाभित्र दुई हजार १३ अमूर्त सम्पदाअन्तर्गत रहेका जात्रा, पर्व र पूजापाठ सञ्चालन गुठीको आम्दानीबाट गर्ने गरेको छ । स्थानीय तह र सम्बन्धित हेरचाह अड्डा, कोष तथा विकास समितिले समेत यी सम्पदा सञ्चालनमा योगदान गर्दै आएका छन् ।

देशभर ७१७ मठ, मन्दिरलगायतका सम्पदाको जात्रा, पर्व र पूजापाठका लागि उपत्यकाभित्रका एक हजार ११२ समेत ६८ जिल्लामा दुई हजार ८२ राजगुठीअन्तर्गत पहाडी क्षेत्रमा पाँच लाख ६१ हजार ९९० रोपनी र तराई क्षेत्रमा ६६ हजार ३३० बिघा गुठी जग्गा रहेको प्रतिवेदनमा उल्लेख छ । *(रासस)*



**माछा मार्दै**
दाङको लमही नगरपालिका-५ स्थित अर्जुनखोलामा परम्परागत टापीको सहायताले माछा मार्दै स्थानीय थारु समुदायका महिला । परापूर्वकालदेखि वर्षायाम सुरु भएसँगै खोला तथा नदीमा माछा मार्ने चलन थारु समुदायमा अझै कायम रहेको छ । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# काँकरभिट्टा नाकामा एकीकृत जाँच एकाइ पुनः सञ्चालन

सुरुङ्गा (झापा), ९ असार । पूर्वी सीमा नाका काँकरभिट्टामा यात्रु तथा मालवस्तुको चेकजाँचलाई व्यवस्थित र प्रभावकारी बनाउन 'एकीकृत जाँच एकाइ' पुनः सञ्चालनमा आएको छ ।

सोमबारदेखि सञ्चालनमा आएको 'एकीकृत जाँच एकाइ'मा मेची भन्सार कार्यालय, इलाका प्रहरी कार्यालय काँकरभिट्टा तथा सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा गुल्मका सुरक्षाकर्मीले एउटै स्थानबाट संयुक्त रूपमा यात्रुका सामानको परीक्षण गर्ने व्यवस्थाको शुभारम्भ गरेका हुन् ।

योसँगै सीमा सुरक्षा, भन्सार निगरानी तथा यात्रु सेवामा समन्वयात्मक सुधार हुने अपेक्षा गरिएको छ ।

जेनजी आन्दोलनका क्रममा क्षति पुगेपछि बन्द भएको 'एकीकृत जाँच एकाइ' झण्डै १० महिनापछि पुनः सञ्चालनमा आएको हो ।

मेचीनगर नगरपालिका-६ स्थित काँकरभिट्टा नाका भारतको पश्चिम बङ्गाल राज्यअन्तर्गत दार्जिलिङ जिल्लाको पानीट्याङ्कीसँग जोडिएको नेपालको व्यस्त अन्तर्राष्ट्रिय प्रवेशद्वार हो । यस नाकाबाट दैनिक हजारौँ यात्रु आवतजावत तथा ठूलो परिमाणमा मालवस्तु ओसारपसार हुने भएकाले प्रभावकारी जाँच प्रणालीको आवश्यकता लामो समयदेखि महसुस हुँदै आएको थियो ।

यसअघि मेची भन्सार कार्यालय परिसरमा अत्याधुनिक 'एक्स-रे' मेसिनसहित एकद्वार भन्सार जाँच प्रणाली सञ्चालनमा थियो । भन्सार, नेपाल प्रहरी र सशस्त्र प्रहरीले एउटै स्थानबाट संयुक्त रूपमा निगरानी गर्दा चोरी-तस्करी नियन्त्रणमा सहयोग पुग्नुका साथै यात्रुले सहज सेवा पाउँदै आएका थिए ।

गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा उक्त संरचनामा आगजनी भएपछि जाँच प्रणाली पूर्ण रूपमा प्रभावित भएको थियो । भवन तथा उपकरणमा क्षति पुगेपछि सम्बन्धित निकायले छुट्टाछुट्टै स्थानबाट चेकजाँच गर्दै आएका थिए । यसले यात्रुलाई पटक-पटक सामान देखाउनुपर्ने अवस्था सिर्जना गर्नुका साथै सुरक्षा निकायबिच समन्वयमा चुनौती उत्पन्न भएको थियो ।

उक्त एकाइ सञ्चालनमा आएको अवसरमा मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपाने, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक निशेष चापागाईं तथा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म काँकरभिट्टाका गणपति सशस्त्र प्रहरी उपरीक्षक विकास थापाले संयुक्तरूपमा इकाई सञ्चालनमा आएको घोषणा गर्नुभएको हो ।

हाल जाँचस्थलमा 'एक्स-रे' मेसिन भने जडान गरिएको छैन । सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा गरी छिट्टै पुनः मेसिन सञ्चालनमा ल्याउने जानकारी दिएका छन् ।

सीमानाकामा एकीकृत जाँच प्रणाली पुनः सञ्चालनमा आएसँगै भन्सार छली, मूल्याङ्कन तथा अवैध ओसारपसार नियन्त्रणमा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ ।

एउटै स्थानमा आवश्यक प्रक्रिया पूरा गर्न सकिने भएपछि समयको बचत हुनुका साथै प्रशासनिक झन्झटसमेत घट्ने मेची भन्सार प्रमुख न्यौपानेको भनाइ छ । *(रासस)*

# सार्वजनिक यातायातमा प्रविधिको निगरानी

काठमाडौँ, ९ असार । काठमाडौँ उपत्यकामा सञ्चालन हुने सार्वजनिक सेवाका सवारीसाधनलाई थप सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउने उद्देश्यले प्रविधिको प्रयोगमा जोड दिइएको छ ।

हालसम्म काठमाडौँ उपत्यकामा तीन हजार ३०३ वटा सार्वजनिक सेवाका सवारीसाधनमा ड्यासक्यामेरा, सिसीक्यामेरा तथा जिपिएस प्रणाली जडान गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ ।

उपत्यकामा सञ्चालित सार्वजनिक यातायातका साधनमा यात्रुको सुरक्षा, सवारी व्यवस्थापन तथा निगरानी प्रभावकारी बनाउन ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस प्रणाली अनिवार्य जडान गर्नुपर्ने व्यवस्था लागू भएको छ ।

यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरीले सार्वजनिक सवारीसाधनमा उक्त प्रविधि जडान भए/नभएको विषयमा नियमित अनुगमन गर्न थालेपछि यातायात व्यवसायीहरूले पनि जडानलाई प्राथमिकता दिएका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सार्वजनिक यातायातमा हुने यात्रुमाथिको दुर्व्यवहार, बढी भाडा असुली, सवारी सञ्चालनको अवस्थालगायत विषयको निगरानी तथा नियन्त्रणका लागि क्यामेरा र जिपिएस प्रणाली प्रभावकारी हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "गाडीमा यात्रुलाई बढी भाडा लिने, यात्रुसँग हुने दुर्व्यवहार नियन्त्रण गर्न यो प्रणालीले निकै सहज बनाउने छ । विशेषगरी सवारी दुर्घटना हुँदा ठूलो सवारीसाधनको मात्र दोष देखिने प्रवृत्तिको अन्त्य गर्न तथा दुर्घटना बिमाको सम्भावित दुरुपयोग रोक्न पनि यसले सहयोग पुऱ्याउने छ ।"

उहाँका अनुसार जिपिएस प्रणाली जडान भएपछि सवारीधनीले पनि आफ्नो गाडी कुन स्थानमा छ, कस्तो अवस्थामा सञ्चालन भइरहेको छ भन्ने जानकारी सहजै प्राप्त गर्न सक्नेछन् । यसले सवारीसाधनको नियमित अनुगमन, चालकको जिम्मेवारी र यात्रुको सुरक्षामा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

त्यस्तै, सार्वजनिक यातायातमा ड्यासक्यामेरा र सिसीक्यामेरा जडान भएपछि सवारीभित्र हुने गतिविधिको अभिलेख राख्न सकिने भएकाले विवाद समाधानमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेले बताउनुभयो ।

उता नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष सरोज सिटौलाले सार्वजनिक सेवाका गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरालगायतका प्रविधि जडान गर्ने कार्य यातायात व्यवसायीका लागि सकारात्मक कदम भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सार्वजनिक सेवाका सवारीमा ड्यासक्यामेरा, सिसीक्यामेरा र जिपिएस जडान गर्नु हाम्रा लागि राम्रो कुरा हो । तर त्यसका लागि सरकारले पनि स्पष्ट कार्यविधि ल्याउन आवश्यक छ । कार्यविधि बनेपछि हामी सबै सवारीसाधनमा जडान गरी अगाडि बढ्न तयार छौँ ।"

सार्वजनिक यातायात क्षेत्रलाई सुरक्षित, पारदर्शी र उत्तरदायी बनाउन प्रविधिको प्रयोग आवश्यक रहेको भन्दै यातायात व्यवसायीहरूले समेत गाडीमा ड्यासक्यामेरा र सिसीक्यामेरालगायत प्रविधि जडानमा प्रतिबद्धता जनाएका छन् ।

आगामी दिनमा उपत्यकाभित्र सञ्चालन हुने सबै सार्वजनिक सेवाका सवारीसाधनमा यस्तो प्रणाली अनिवार्य गराउँदै यात्रु सुरक्षा र सवारी व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने योजना रहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

प्रविधिमार्फत सार्वजनिक यातायातको निगरानी बढेपछि दुर्घटना न्यूनीकरण, यात्रुको गुनासो सम्बोधन तथा चालक-सवारीधनीको जिम्मेवारी निर्धारणमा थप सहजता आउने अपेक्षा गरिएको उहाँको भनाइ छ । *(रासस)*

# बाली सुक्न थालेपछि हुम्लाका किसान चिन्तित

सिमकोट (हुम्ला), ९ असार । हिमाली जिल्ला हुम्लामा असारे झरी नहुँदा बाली सुक्दै गएपछि यहाँका किसान चिन्तित हुन थालेका छन् । लामो समयदेखि पानी नपर्दा कोदो, चिनो, कागुनो, भट्ट, काउनीलगायत तरकारी बालीसमेत सुक्न थालेपछि यहाँका किसान चिन्तित भएका हुन् ।

जिल्लाको सिमकोट गाउँपालिका-१ का किसान जानकी भण्डारीले असारमा पानी नपरेकाले बाली सुक्दै जान थालेको बताउनुभयो । सिमकोट गाउँपालिका-२ का किसान रूप्सी बोहराले असारको पहिलो हप्तासम्म पानी नपर्दा उत्पादन घट्ने र यहाँ खाद्यान्न सङ्कट पर्नसक्ने बताउनुभयो ।

जिल्लाको सबैभन्दा बढी अन्न उत्पादन हुने सर्केगाड गाउँपालिका-२ रिपगाउँका किसानसमेत लामो समय पानी नपर्दा बाली सुक्दै जान थालेको भन्दै चिन्तामा परेका छन् । *(रासस)*

। सम्पादकीय ।

# पुँजीवादी व्यवस्थामा आमूल परिवर्तन असम्भव

पुँजीवादी व्यवस्था या बन्दोबस्त नफालेसम्म देशमा आमूल परिवर्तन सम्भव छैन । पुँजीवादी व्यवस्थाभित्र रहेर जस्तो दलले सरकार चलाए पनि श्रमजीवीवर्गको पक्षमा या हितमा ऐन कानुन बनाइँदैन । रास्वपा पुरानो या नयाँ जे दल भने पनि उसले गर्ने राजनीति पुँजीपति वर्गकै निम्ति हो । युवाहरूको दल, युवाहरूको सरकारमा काम गर्ने उत्सुकता भएरै के गर्ने ? अहिले पनि नेपाल ग्रे लिस्टमै परेको छ । देशमा सरकारको नेतृत्व धेरै पटक फेरियो । नेका, एमाले, माओवादीले पटक पटक शासन गरेकै हुन् । तर, देशको मुहार फेरिएन । पुँजीवादी व्यवस्था भनेकै पुँजीपतिवर्गको सेवा हुने व्यवस्था हो ।

कुनै पनि दललाई चिन्ने आधार दलको सिद्धान्त, विचार र दर्शन नै हो । सिद्धान्त र विचारको आधारमा त्यो दलको दृष्टिकोण थाहा हुन्छ र त्यो दलले कुन वर्गका जनताको सेवा गर्छ भन्ने स्पष्ट हुन्छ । दललाई चिन्ने आधार दलको नाम होइन । दलको नाममा कम्युनिस्ट उल्लेख भए पनि त्यो दल सच्चा कम्युनिस्ट हुन्छ या आचरणअनुसार अघि बढेको छ भन्ने कुरा होइन । कुन दल सही र गलत छुट्याउने आधार पुँजीवादी निर्वाचनमा त्यो दलले प्राप्त गरेको मतलाई आधार मान्नु उचित हुँदैन । निर्वाचनमा दलले कहिले बहुमत प्राप्त गरेको हुन्छ भने कहिले अल्पमत । बहुमत प्राप्त हुँदा त्यो दल सही र अल्पमत पाउँदा गलत भन्न मिल्दैन । पुँजीवादी व्यवस्थाको निर्वाचनमा पैसाको खोलो बग्ने हुँदा, धाक धम्की र लहैलहैमा मत राख्ने हुँदा दलले पाउने मतमा हेरफेर हुन्छ । अतः निर्वाचनमा दलले प्राप्त गरेको मतको आधारमा त्यो दललाई सही र गलत भनी मूल्याङ्कन गर्नु सान्दर्भिक हुनेछैन ।

कुनै पनि दल सिद्धान्त र विचारको आधारमा चल्नुपर्छ । दलको सिद्धान्त र विचारअनुसार चलेको छैन या गतिविधि भएको छैन भने त्यो सही दल होइन भन्ने कुरा बुझ्नुपर्छ । देशमा रहेका कम्युनिस्ट भनिने दलहरूको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहेको छ । तर, कति दलहरू मार्क्सवाद-लेनिनवादको सिद्धान्तअनुसार चलेका छैनन् । मार्क्सवाद-लेनिनवादलाई नेपालको माटो सुहाउँदो उपयोग नगर्दा या आफ्नै अनुकूल पार्टी सञ्चालन गर्दा कम्युनिस्ट पार्टीको आन्दोलन र कम्युनिस्ट पार्टीको स्थिति कमजोर भएको देखिन्छ । देशका सबै कम्युनिस्ट पार्टी मार्क्सवाद-लेनिनवादको अवधारणाअनुसार लागेका भए, कुर्सी र भागबन्डाको राजनीतिमा नफसेका भए कम्युनिस्ट पार्टी अघि बढेको हुन्छ । कम्युनिस्ट पार्टीको मर्म उल्लङ्घन गरेर, वर्गसङ्घर्षको भावना छोडेर पुँजीवादी सरकारमा नफसेको भए नेपालको कम्युनिस्ट पार्टी अघि बढ्थ्यो र आमूल परिवर्तनको निम्ति पूर्वाधार बन्थ्यो ।

कम्युनिस्ट पार्टीको उद्देश्य देशका शोषित पीडित जनताको सेवा गर्नु हो; कम्युनिस्ट पार्टी गरिखाने वर्गको लागि हो । तर, पहिले सरकारमा पुगेका कम्युनिस्टहरू श्रमजीवीवर्गको पक्षमा गएनन्; न्याय, समानता र सुरक्षाको निम्ति अघि बढेनन् । पुँजीपतिवर्गको पक्षपोषण गर्ने, सरकारको नेतृत्व गर्न या सरकारमा जानको निम्ति सामन्त, पुँजीपति वर्गसँग साँठगाँठ गर्ने दल कसरी कम्युनिस्ट पार्टी हुन्छ ? कम्युनिस्ट पार्टीले पार्टीको उद्देश्यअनुसार कार्य गर्न नसक्दा, अघि नबढ्दा कम्युनिस्ट पार्टी पछि पर्नु स्वाभाविक हो । मार्क्सवाद-लेनिनवाद पार्टीको पथ प्रदर्शक हो भने तद्नुसार राजनीति गर्नुपर्ने हो । विगतमा सरकारमा गएको कम्युनिस्ट पार्टीले एकातिर दलको उद्देश्यअनुसार काम गर्न सकेन भने अर्कोतिर जनताको भावनाअनुसार पनि काम गर्न सकेन । यो कम्युनिस्ट पार्टीको कमजोरी हो

हो, विभिन्न संसदीय निर्वाचनमा कम्युनिस्ट पार्टीले पाएको मतमा एकरूपता छैन । कम्युनिस्ट पार्टीले फरक फरकको निर्वाचनमा फरक फरक मत पाएको थियो । त्यही फरक मतको आधारमा कुनै दललाई ठीक र बेठीक छुट्याउँदा मूल्याङ्कन सही हुनेछैन । गलत बाटो लिएका अवसरवादी र वामपन्थी कम्युनिस्ट पार्टीले समाज परिवर्तनको बाटो खोज्दैन, परिवर्तनको निम्ति आधारभूमि तयार गर्दैन । देशका सबै कम्युनिस्ट पार्टीहरू मार्क्सवादी र लेनिनवादीको अवधारणाअनुसार अघि बढ्नुपर्छ; अघि बढ्न आफ्नो बाटो खोज्नुपर्छ । कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारको गन्थन छोडेर पुँजीवादी पार्टीको दृष्टिकोण समालेर कम्युनिस्ट पार्टीको लक्ष्य पूरा गर्न सकिँदैन । यो समयमा कम्युनिस्ट पार्टीहरू अझ सचेत र चनाखो भएर लाग्नुपर्छ ।

# के शासक दलहरूको 'कोर्ट' मा नेपालको सार्वभौमिकता सुरक्षित होला ?

✍ प्रज्ज्वल

राजनीतिक पार्टीहरूले राजनीति देश र जनताको निःस्वार्थ सेवाको लागि गर्ने हो । उत्पादनका मुख्य-मुख्य साधन र सेवा व्यक्तिले कब्जा गर्ने पुँजीपतिवर्गको पार्टी राजनीतिले देश कब्जा गरेसम्म व्यापक जनताको हित हुनेछैन । संरा अमेरिका, क्यानडा, बेलायत, अस्ट्रेलिया, भारत सबै पुँजीपतिवर्गले आफ्नो अनुकूलका पार्टीले सरकार चलाएका देशहरू हुन् । उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण गर्ने पार्टीले सरकार चलाएका देशमात्र जनताको हितमा काम गर्न सक्छन् ।

रास्वपाको बालेन सरकारले आर्थिक उदारीकरणमार्फत नेपाल र नेपाली जनताको समस्या समाधान गर्ने बताएको सम्भव होइन । रास्वपाको आर्थिक उदारीकरणको अर्थ उत्पादनका मुख्य-मुख्य साधन र सेवा केही व्यक्तिको मातहतमा दिने हो । रास्वपा सरकारको गत जेठ १५ गतेको बजेटमा मित्र देश रूसले सहयोग गरेको गोरखकाली रबर उद्योगसमेत सात ओटा सरकारी उद्योग केही व्यक्तिलाई बेच्ने उल्लेख छ ।

रास्वपाको पहिलो महाधिवेशन असार ७ गते चितवनमा सुरु भयो । रास्वपाको सरकार प्रमुख बालेनले आफ्नो सरकार स्थानीय सडकमा नहिँडेको बरु एक्सप्रेस सडकमा हिँडेको बस भएको र गन्तव्यमा नपुगेसम्म नरोकिने दाबी गरे ।

उनले महाधिवेशन उद्घाटनमा रास्वपालाई हावा चलेजस्तो नभएको र बाढी ल्याएर खोला फर्काएको जस्तो भएको, जनताको दुईतिहाइ समर्थन प्राप्त भएको, विकासवादी र काम गर्ने पार्टी भएको, विगतका सरकारको सम्पत्ति दोहन भएको ठाउँमा निहुँ खोज्ने, निहुँ खोज्दा अख्तियारलाई ५ घण्टा सोधपुछ र सल्लाहका लागि मात्र होइन ५ वर्षसम्म गर्ने, कालापानी र लिपुलेकको प्रमाण भएको र त्यो प्रमाण बेलायतले भारतमा राज गरेको बेलाको ल्याउनुपरे ल्याउँछौं भनेको, बेलायतको मध्यस्थता नखोजेको आदि उल्लेख गरे ।

बालेनले थपे - "मेरो राष्ट्रियताप्रति कसैले शङ्का मान्नु पर्दैन ।" उनले पार्टीमा गुट, उपगुट बनाउन नहुने, आफ्नो कार्यकालको सरकारले सुकुमवासी, सहकारी समस्या समाधान गर्ने र अर्को चुनावमा नयाँ विषय बोकेर जाने बताए । रास्वपा र यसको सरकारको दुई महिनाको हिँडाइ अध्ययन गर्दा ३५ वर्षयताका शासक दलको भन्दा नयाँ र फरक भएन ।

रास्वपाको निम्तामा चितवन महाधिवेशन पुगेका नेकाका गगन थापाले रास्वपाका कार्यकर्ताहरूलाई पार्टी शुद्ध बनाउन रास्वपाभित्र प्रश्न उठाउनुपर्ने औंल्याए ।

एमालेका प्रदीप ज्ञवालीले रास्वपा र यसको सरकारमा गतिसँगै ब्रेक हुनुपर्ने र नभए दुर्घटना हुने औंल्याए ।

राप्रपाका राजेन्द्र लिङ्देनले रास्वपालाई राजावादीहरूको पनि मत गएको हुँदा रास्वपा र यसको सरकारमा राजतन्त्र पुनःस्थापनातर्फ लाग्नुपर्ने औंल्याए ।

जनमत पार्टीका सीके राउतले जनता र हावा उस्तै हुने र हावा भरिएको बेलुन सानो प्वालसँगै फुस्कने औंल्याए ।

माओवादी सशस्त्र द्वन्द्वका एक नेता बाबुराम भट्टराईले रास्वपाको संवैधानिक समाजवाद स्पष्ट नभएको उल्लेख गरे । माओवादीका वर्षमान पुनले रास्वपाको अहिलेको सङ्ख्या अस्थायी हुने औंल्याए ।

रास्वपा सभापति रवि लामिछानेले रास्वपासँग देश सुरक्षित हुने र विकासको 'बल' बालेनको खुट्टामा भएको उल्लेख गर्दै केही गरी 'बल' आफूतिर आएमा बालेनतर्फ पास गर्ने बताए ।

रास्वपा सरकार प्रमुख बालेनले गएको जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा "नेपालले भारतको सीमा मिचेको छ" बोलेका थिए । नेपाली जनताले बालेनको सो भनाइको विरोध चालू राखेका छन् । सो दिनयता सार्वजनिक कार्यक्रममा नबोलेका बालेनले चितवनमा कालापानी र लिपुलेकको प्रमाण भएको दाबी गरे । तर, लिम्पियाधुरासम्मको नेपाली भूमि दाबी गरेनन् । रवि र बालेन दुवैले राजावादीलगायतको मत आएको स्वीकार गरे ।

सिक्किमको लेण्डुप दोर्जेले पनि संसद्मा झन्डै शतप्रतिशत स्थान कब्जा गर्दै देश सुरक्षित हुने दाबी गरेका थिए । तर, लेण्डुपले सिक्किम भारतको पोल्टामा राखे ।

पूर्वरास्वपा मुकुल ढकालले रवि लामिछानेको भारतीय दूतसँगको भेटबारे बोल्दै रविले आफूलाई प्रधानमन्त्री बनाइए देश सिक्किम बनाउन तयार भएको भारतीय दूतावासमा पुऱ्याउन अऱ्हाएको तर आफूले नगरेको उल्लेख गरेका थिए । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपूर्व रास्वपा उपसभापति स्वर्णिम वाग्लेले संरा अमेरिकाका पाँचौं राष्ट्रपति जेम्स मुनरोको ल्याटिन अमेरिकी देशहरूलाई अमेरिकाको 'करेसाबारी' बनाउने 'मुनरो डक्ट्रिन' बारे उल्लेख गर्दै दक्षिण एसियामा भारतको 'मोदी डक्ट्रिन' को समर्थन गरेका थिए ।

रास्वपाको महाधिवेशनको लागि चितवनमा ३३ ओटा होटलमा अतिथिको लागि रिजर्भ गरिएको, बालेनको लागि १६ ओटा कोठा भएको पूरै होटल भाडामा लिइएको, वरिष्ठ नेतामा बालेन निर्विरोध हुने, आनन्दबहादुर चन्द केन्द्रीय सदस्य उम्मेदवार हुने चुनाव प्रचारको पानीको बोतल वितरण गरिएको, आधुनिक अस्थायी सभा हल निर्माण गरिएको आदि महत्त्वको विषय नहोला । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा रास्वपालाई कसले आन्दोलनको मोहडामा पठाए ? संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरि आगजनी कसले गर्न लगाए ? संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई निर्वाचन सरकारको प्रम बनाई प्रतिनिधिसभा भङ्ग र नयाँ चुनाव कसले गराए ? यी घटनामा नेपाली सेनाको संलग्नता के कस्तो रह्यो ? आदि प्रश्नहरूको जवाफ महत्त्वपूर्ण होला ।

अघिल्ला सरकारहरूले जस्तै रास्वपा सरकारले करोडौं नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउने, साम्राज्यवादीहरूसँग ऋण ल्याएर देशलाई डुबाउने, कर्मचारीलाई खुसी पार्ने र बाँकी नेपाली जनताको टाउकोमा महँगीको मकै भुट्ने काम चालू राखेमा विकासको बल रास्वपा र यसका नेता कार्यकर्ताको खुट्टामा होइन अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको खुट्टामा पुग्नेछ । त्यतिबेला नेपाल सुरक्षित कसरी होला ? के शासक दलहरूको 'कोर्ट' मा नेपालको सार्वभौमिकता सुरक्षित होला ?

*२०८३ असार ८ गते*

# नेपाली समाज किन फासीवादउन्मुख भयो ?

विश्व राजनीतिजस्तै अहिले हाम्रो नेपाली समाज पनि एउटा ठूलो सङ्कटबाट गुज्रिरहेको छ । धेरै राजनीतिक विश्लेषकहरूले भनेजस्तै नेपाली समाज वा समग्र देश नै निरन्तर रूपमा एउटा विशिष्ट राजनीतिक दिशातर्फ अर्थात् फासीवादतर्फ उन्मुख भइरहेको छ ।

हाम्रो समाजलाई सबै क्षेत्रबाट नेतृत्व दिनुपर्ने राजनीतिक दल, विभिन्न संस्था र हामीले नायक मानेका पात्रहरू पूर्ण रूपमा असफल साबित भएका छन् । वर्तमान नेतृत्वले आम जनताका भावना र आवश्यकतालाई सम्बोधन गर्न नसक्दा यी संस्थाहरूको तीव्र क्षयीकरण भइरहेको छ । जब मानिसहरूमा राज्य र नेतृत्वप्रति कुनै भरोसा रहँदैन, तब उनीहरूले तार्किक वा विवेकपूर्ण ढङ्गले संसारलाई बुझ्न छाड्छन् । यसले समाजमा एक किसिमको अर्थहीनता र शून्यवाद (निहिलिजम) को अवस्था सिर्जना गर्छ र मानिसहरूलाई अन्ध-परम्परा वा अनुदारवादी सोचतर्फ धकेल्छ । वर्तमान सरकार वा रास्वपाजस्ता नयाँ राजनीतिक शक्तिहरूको उदय हुनुमा पनि ठ्याक्कै यही परिस्थितिको सूत्र र प्रवृत्ति प्रयोग भइरहेको स्पष्ट हुँदै छ ।

निर्वाचन सम्पन्न भई परिणाम आइसकेपछि परिदृश्य तात्त्विक रूपमा बदलिएको छैन । फासीवादले समाजमा जुन भ्रमपूर्ण संरचना खडा गर्छ, चाहे त्यो वर्तमान प्रधानमन्त्रीको सन्दर्भमा होस् वा बालेनजीको संरचनाको सन्दर्भमा, त्यसलाई विखण्डन ( डिकन्स्ट्रक्ट) गर्नु अपरिहार्य भइसकेको छ । संसारभरि नै फासीवादका मुख्य दुईवटा तह हुन्छन्- एउटा शक्तिको तह र अर्को भाष्य वा चेतनाको तह ।

अहिलेसम्मको विकासक्रमलाई हेर्ने हो भने प्रविधि सधैँ शक्ति, पुँजी र सत्तासँग प्रत्यक्ष रूपमा जोडिएको देखिन्छ । प्रविधिको विकास र विस्तारका लागि ठूलो स्रोतसाधन र विशिष्ट ज्ञानको आवश्यकता पर्दछ । कुनै जमानामा कला (आर्ट) लाई जसरी पुँजी र सत्ताले आफ्नो स्वार्थका लागि एउटा औजारका रूपमा प्रयोग गर्‍यो, प्रविधिलाई पनि त्यसरी नै प्रयोग गर्दै आएको छ । त्यसैले यसमा प्रविधिको आफ्नै दोषभन्दा पनि यसलाई नियन्त्रण गर्ने सत्ताको भूमिका प्रमुख हुन्छ । विशेष गरी दोस्रो विश्वयुद्धपछि, जहाँ अमेरिकाले परमाणु बमको प्रयोग गरेर प्रविधिको चरम प्रदर्शन गर्दै जित हासिल गर्‍यो, त्यसपछि यो प्रवृत्ति झन् संस्थागत भएर गयो । त्यसयता कायम भएको अमेरिकी प्रभुत्व (हेजेमोनी), उसको पहिचान र प्रचारतन्त्र (प्रोपगान्डा) को एउटा अभिन्न र कसिलो अङ्गका रूपमा प्रविधि स्थापित हुन पुगेको छ ।

अहिले हामीले प्रयोग गर्ने डिजिटल प्रविधि, सामाजिक सञ्जाल र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का ठूला प्लेटफर्महरू सबै अमेरिकी सिलिकन भ्यालीकै उत्पादन हुन् । सुरुका दिनहरूमा अमेरिकाले यस प्रविधिलाई आफ्नो बलियो 'सफ्ट पावर' (सचेत सांस्कृतिक प्रभाव) का रूपमा संसारभर फैलायो । जसरी कुनै समय कोकाकोला, माइकल ज्याक्सन, पेप्सी, एमटिभी र पप कल्चरमार्फत अमेरिकी प्रभाव विस्तार गरिएको थियो, त्यसरी नै बाराक ओबामाको पालासम्म आइपुग्दा प्रविधिलाई लोकतान्त्रिकरणको एउटा सुन्दर औजारका रूपमा व्याख्या गरियो । हामी सबैले पनि प्रविधिलाई जनताको हातमा शक्ति दिने माध्यमकै रूपमा बुझ्यौँ र यसले सुरुवाती चरणमा केही हदसम्म लोकतान्त्रिकरणको काम पनि गर्‍यो । अहिलेको प्रविधि लोकतान्त्रिकरणको माध्यम नभएर चरम वर्चस्व (सुप्रिमेसी) कायम गर्ने र मानिसलाई नै मेसिनमा रूपान्तरण गर्न खोज्ने 'ट्रान्स-ह्युमनिजम' को दिशातिर अघि बढिरहेको छ ।

अहिलेको डिजिटल युगमा मानिसभन्दा मेसिनलाई बढी रुचाउने र नियन्त्रणमुखी सोच भएका यस्ता पात्रहरूको चरम उदय भएको छ । इलन मस्क, श्याम अल्टम्यान र मार्क जुकरबर्ग जस्ता प्रविधि क्षेत्रका नायकहरू यसका प्रतिनिधि उदाहरण हुन् । प्रविधि उद्योगभित्र एक प्रकारको चरम बौद्धिक व्यक्तित्व विकार (एक्स्ट्रिम कग्निटिभ पर्सनालिटी डिसअर्डर) भएका यस्ता सीमित व्यक्तिहरूको हातमा आज अभूतपूर्व शक्ति र पुँजी केन्द्रित हुन पुगेको छ । सबैभन्दा डरलाग्दो कुरा त, प्रविधिलाई डोऱ्याइरहेका यी पात्रहरूलाई अब 'मानिस' मात्र भएर बस्नु छैन । उनीहरू मानव सीमाभन्दा माथि उठेर एउटा प्राविधिक ईश्वरत्व प्राप्त गर्ने 'ट्रान्स-ह्युमन' महत्त्वाकाङ्क्षा बोकिरहेका छन् ।

# नेपालमा ज्येष्ठ नागरिकको हेरचाह

✍ प्रभा प्रजापति

"ज्येष्ठ नागरिकहरू समाजका जीवित पुस्तकालय हुन्, जसमा अनुभव, ज्ञान र जीवनका अमूल्य पाठहरू सुरक्षित रहेका हुन्छन् ।"

**ज्येष्ठ नागरिक**

ज्येष्ठ नागरिक भन्नाले उमेरको उत्तरार्द्धमा ( सामान्यतया ६० वर्ष वा सोभन्दा बढी उमेर) पुगेका, जीवनका विभिन्न अनुभव, ज्ञान र सीप हासिल गरेका व्यक्तिलाई जनाउँछ । विश्व स्वास्थ्य सङ्गठन ( WHO) र संयुक्त राष्ट्र सङ्घ (UN) का अनुसार ६० वर्ष वा सोभन्दा माथिका व्यक्तिलाई वृद्ध वा ज्येष्ठ नागरिकका रूपमा मानिन्छ । नेपालमा ज्येष्ठ नागरिक ऐन (Senior Citizens Act, २००६) अनुसार ६० वर्ष उमेर पूरा गरेका व्यक्तिलाई ज्येष्ठ नागरिक भनिन्छ । वर्तमान समयमा विश्वभरि वृद्ध जनसङ्ख्या तीव्र गतिले बढिरहेको छ र नेपाल पनि यसबाट अछुतो छैन ।

ज्येष्ठ नागरिकहरू समाजका ज्ञान, अनुभव र संस्कृतिका संवाहक हुन् । उनीहरूले जीवनभर परिवार, समुदाय र राष्ट्र निर्माणमा महत्त्वपूर्ण योगदान दिएका हुन्छन् । उनीहरू हाम्रो समाजका जीवन्त इतिहास र अनुभवका खानी हुन्छन् । तर, उमेर बढ्दै जाँदा शरीर, मन र सामाजिक भूमिकामा विभिन्न परिवर्तनहरू आउँछन्, जसका कारण उनीहरूलाई विशेष हेरचाहको आवश्यकता पर्दछ ।



**विश्वमा ज्येष्ठ नागरिक**

विश्वभर स्वास्थ्य सेवामा सुधार, पोषणको अवस्था राम्रो हुनु, औसत आयु बढ्नु तथा जन्मदर घट्नुका कारण ज्येष्ठ नागरिकहरूको सङ्ख्या तीव्र रूपमा बढिरहेको छ । आजको विश्वमा जनसङ्ख्याको वृद्धावस्था (Population Ageing) एक महत्त्वपूर्ण सामाजिक तथा आर्थिक विषय बनेको छ ।

ज्येष्ठ नागरिकहरू समाजका अनुभव, ज्ञान, संस्कार र नैतिक मूल्यका धनी व्यक्ति हुन् । उनीहरूले परिवार र समाजलाई मार्गदर्शन, अनुभव र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछन् । तर, उनीहरूले दीर्घरोग, एक्लोपन, आर्थिक असुरक्षा र स्वास्थ्य सेवाको सीमित पहुँचजस्ता समस्याहरू पनि भोगिरहेका छन् । त्यसैले, विश्वभर सक्रिय र स्वस्थ बुढ्यौली ( Active and Healthy Ageing) लाई प्रवर्द्धन गर्ने नीतिहरूमा विशेष ध्यान दिइएको छ ।

सन् २०२० मा ६० वर्षभन्दा माथिका व्यक्तिको सङ्ख्या १ अर्ब (करिब १३ प्रतिशत) थियो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०३० सम्म विश्वका प्रत्येक ६ जनामध्ये १ जना ६० वर्ष वा सोभन्दा माथिको हुनेछ । विश्वको ६० वर्षभन्दा माथिको जनसङ्ख्या २०१५ को १२ प्रतिशतबाट २०५० मा २२ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ ।

**विश्वमा वृद्ध जनसङ्ख्या बढ्नुका कारण**

- स्वास्थ्य सेवामा सुधार
- खोप तथा औषधिको विकास
- पोषणमा सुधार
- मृत्यु दरमा कमी
- जन्मदरमा कमी
- जीवन प्रत्याशामा वृद्धि

**नेपालको अवस्था**

नेपाल पनि वृद्ध समाजतर्फ उन्मुख भइरहेको छ । सन् २०११ को जनगणनामा ६० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू ८.१ प्रतिशत थिए भने २०२१ सम्म यो सङ्ख्या १०.२ प्रतिशत पुगेको छ जसले नेपालमा वृद्धजन जनसङ्ख्या तीव्रगतिमा बढिरहेको देखाउँछ ।

**नेपाल सन्दर्भमा ज्येष्ठ नागरिक**

नेपालमा ज्येष्ठ नागरिकलाई सम्मान, अनुभव र ज्ञानको प्रतीक मानिन्छ । नेपाली समाजमा उनीहरू परिवारका अभिभावक, संस्कारका संरक्षक तथा निर्णयकर्ताको रूपमा महत्त्वपूर्ण स्थानमा रहेका छन् ।

स्वास्थ्य सेवामा सुधार र आयु वृद्धि भएसँगै नेपालमा पनि ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको छ । उनीहरूले परिवारमा नातिनातिनाको हेरचाह, सामाजिक मूल्यको संरक्षण तथा जीवन अनुभवको हस्तान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यद्यपि, नेपालका धेरै ज्येष्ठ नागरिकहरूले निम्न समस्याहरू सामना गरिरहेका छन् -

- दीर्घकालीन रोग तथा स्वास्थ्य समस्या
- आर्थिक अभाव र सामाजिक सुरक्षाको कमी
- युवा पुस्ताको विदेश पलायनका कारण एक्लोपन
- वृद्धमैत्री स्वास्थ्य सेवाको अभाव
- उपेक्षा तथा सामाजिक अलगाव

त्यसैले, ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा, स्वास्थ्य र सामाजिक सहभागिता सुनिश्चित गर्नु राज्य, समाज र परिवार सबैको साझा दायित्व हो ।

**वृद्धावस्थाको शारीरक्रिया विज्ञान (Physiology of Ageing)**

वृद्धावस्था कुनै रोग होइन, यो प्राकृतिक जैविक प्रक्रिया हो । उमेर बढ्दै जाँदा शरीरका कोषहरूमा क्रमिक क्षति जम्मा हुँदै जान्छ र शरीरका विभिन्न अङ्गहरूको कार्यक्षमता घट्न थाल्छ ।

**शारीरिक परिवर्तनहरू**

**१. हृदय तथा रक्तसञ्चार प्रणाली**

- मुटुको पम्प गर्ने क्षमता घट्ने
- रक्तनलीहरू कडा हुने
- उच्च रक्तचापको जोखिम बढ्ने

**२. श्वासप्रश्वास प्रणाली**

- फोक्सोको लचकता घट्ने
- अक्सिजन ग्रहण क्षमता कम हुने
- सास फेर्न कठिनाइ हुन सक्ने

**३. स्नायु प्रणाली**

- स्मरणशक्ति कमजोर हुन सक्ने
- प्रतिक्रिया दिन समय लाग्ने
- डिमेन्सियाको जोखिम बढ्ने

**४. मांसपेशी तथा हड्डी प्रणाली**

- मांसपेशी कमजोर हुने
- हड्डी पातलो हुने (Osteoporosis)
- लड्ने र भाँचिने जोखिम बढ्ने

**५. प्रतिरक्षा प्रणाली**

- रोगसँग लड्ने क्षमता कम हुने
- सङ्क्रमणको जोखिम बढ्ने

**वृद्धावस्थाको सरल प्रवाहचित्र**

उमेर वृद्धि -> कोषीय क्षति सञ्चय -> अङ्गहरूको कार्यक्षमता घट्नु -> शारीरिक तथा मानसिक क्षमता कम हुनु -> रोगको जोखिम बढ्नु -> विशेष हेरचाहको आवश्यकता

**नेपालमा ज्येष्ठ नागरिकका प्रमुख समस्या**

**१. स्वास्थ्य समस्या**

- उच्च रक्तचाप
- मधुमेह
- मुटुरोग
- दृष्टि तथा श्रवण समस्या

**२. मानसिक समस्या**

- एक्लोपन
- डिप्रेसन
- चिन्ता
- डिमेन्सिया

**३. सामाजिक समस्या**

- सम्मानको कमी
- सामाजिक अलग
- पारिवारिक उपेक्षा

**४. आर्थिक समस्या**

- नियमित आयको अभाव
- औषधोपचार खर्च वृद्धि
- सामाजिक सुरक्षामा निर्भरता

**समस्याका कारण**

**१. वैदेशिक रोजगार :**

नेपालका धेरै युवा विदेश गएका कारण गाउँघरमा वृद्धवृद्धाहरू एक्लै बस्न बाध्य छन् । यसले सामाजिक तथा भावनात्मक सहयोग कम गराएको छ । परिवारको प्रत्यक्ष साथ नपाउँदा मानसिक तनाव र एक्लोपन बढ्छ ।

**२. संयुक्त परिवारको विघटन :**

संयुक्त परिवारको स्थानमा एकल परिवार बढ्दै गएको छ । परिवारका सदस्यहरू कम हुँदा वृद्धहरूको दैनिक हेरचाह प्रभावित हुन्छ ।

**३. दीर्घरोगको वृद्धि :**

उमेर बढेसँगै शरीरका अङ्गहरूको कार्यक्षमता घट्छ । रोगको जोखिम बढ्ने भएकोले नियमित स्वास्थ्य सेवाको आवश्यकता हुन्छ ।

**४. सामाजिक परिवर्तन :**

आधुनिक जीवनशैलीले पुस्ताबिचको दूरी बढाएको छ । वृद्धहरू सामाजिक रूपमा अलग हुने सम्भावना बढ्छ ।

**ज्येष्ठ नागरिकको हेरचाह**

**शारीरिक हेरचाह**

- नियमित स्वास्थ्य परीक्षण
- पौष्टिक आहार
- पर्याप्त आराम
- नियमित व्यायाम
- औषधिको सही प्रयोग

**मानसिक हेरचाह**

- सम्मानपूर्वक व्यवहार
- भावनात्मक समर्थन
- कुराकानी र साथ
- मनोरञ्जनात्मक गतिविधि

**सामाजिक हेरचाह**

- समुदायमा सहभागिता
- ज्येष्ठ नागरिक समूह
- सामाजिक सुरक्षा

**आर्थिक हेरचाह**

- सामाजिक सुरक्षा भत्ता
- पेन्सन व्यवस्था
- आवश्यक आर्थिक सहयोग

विश्व र नेपालको तथ्याङ्कले स्पष्ट रूपमा वृद्ध जनसङ्ख्या तीव्रगतिले बढिरहेको देखाउँछ । यो स्वास्थ्य क्षेत्रमा भएको उपलब्धिको सङ्केत भए पनि यसले स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, दीर्घकालीन हेरचाह तथा आर्थिक व्यवस्थापनमा नयाँ चुनौतीहरू सिर्जना गरेको छ । नेपालमा वृद्ध जनसङ्ख्या बढ्दै जाँदा जेरियाट्रिक स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य सेवा तथा समुदायमा आधारित वृद्ध हेरचाह कार्यक्रमहरूको आवश्यकता झन् बढेको छ ।

ज्येष्ठ नागरिकहरू समाजका अमूल्य सम्पत्ति हुन् । उनीहरूको सम्मान, सुरक्षा, स्वास्थ्य तथा सामाजिक सहभागिता सुनिश्चित गर्नु परिवार, समुदाय र सरकारको साझा जिम्मेवारी हो । वृद्धावस्था प्राकृतिक प्रक्रिया भए पनि उचित हेरचाह, माया, सम्मान र सहयोगद्वारा ज्येष्ठ नागरिकहरूको जीवनलाई स्वस्थ, सुखी र गरिमामय बनाउन सकिन्छ ।

**ज्येष्ठ नागरिकहरूमा भावनात्मक, सामाजिक र आध्यात्मिक बुद्धिमत्ता**

ज्येष्ठ नागरिकहरूको हेरचाह गर्ने जिम्मा परिवार, समाज र देशको त छँदै छ । ज्येष्ठ नागरिकहरू आफैमा पनि आफ्नो गुणात्मक जीवन बनाउन केही बुद्धिको विकास गर्न आवश्यक छ । त्यस्मा मुख्यत: भावनात्मक, सामाजिक र आध्यात्मिक बुद्धिमत्ता पर्दछ ।

**१. भावनात्मक बुद्धिमत्ता (Emotional Intelligence) :**

आफ्नो भावना बुझ्ने, नियन्त्रण गर्ने र सही तरिकाले व्यक्त गर्ने क्षमता नै भावनात्मक बुद्धिमत्ता हो ।

आफ्ना भावना (दु:ख, खुसी, एक्लोपन) बुझ्न सक्ने क्षमता, तनावलाई व्यवस्थापन गर्न सक्ने, उमेरसँग आउने परिवर्तन स्वीकार गर्न सक्ने, धैर्य, सहनशीलता र भावनात्मक स्थिरता देखाउने यसका पक्षहरू हुन् ।

यसले जीवन अनुभवका कारण उच्च भावनात्मक परिपक्वता, क्षमा गर्ने र स्वीकार गर्ने क्षमता बढी, परिस्थितिलाई सहज रूपमा लिन सक्ने हुनछन र एक्लोपन, डिप्रेसन वा चिन्ता, सन्तान टाढा हुँदा भावनात्मक असुरक्षा कम हुन्छ, मानसिक सन्तुलन राम्रो रहन्छ र जीवन गुणस्तर सुधार हुन्छ ।

**२. सामाजिक बुद्धिमत्ता (Social Intelligence) :**

अरूसँग राम्रो सम्बन्ध बनाउने, संवाद गर्ने र सामाजिक रूपमा समायोजन गर्ने क्षमता नै सामाजिक बुद्धिमत्ता हो ।

परिवारसँग सम्बन्ध कायम राख्ने, समाजिक गतिविधिमा सहभागी हुने, आफ्ना अनुभव युवा पुस्तासँग बाँड्ने, आधुनिक परिवर्तन (जस्तै प्रविधि) सँग समायोजन गर्ने यसका पक्षहरू हुन ।

यसले जीवनभरको अनुभवबाट प्राप्त सामाजिक ज्ञान, परिवार र समाजमा मार्गदर्शक भूमिका, अरूलाई सल्लाह दिने क्षमता वृद्धि हुन्छ । जसले आत्मसम्मान बढ्छ र जीवनको सन्तुष्टिमा वृद्धि हुन्छ ।

**३. आध्यात्मिक बुद्धिमत्ता (Spiritual Intelligence) :**

जीवनको अर्थ, उद्देश्य र आन्तरिक शान्ति बुझ्ने क्षमता नै आध्यात्मिक बुद्धिमत्ता हो । जीवन र मृत्यु स्वीकार गर्न सक्ने, पूजा, ध्यान, प्रार्थनाजस्ता अभ्यासमा संलग्न हुने, आन्तरिक शान्ति र सन्तोष अनुभव गर्ने, जीवनको अर्थ बुझ्ने क्षमता यसका पक्षहरू हुन् । यसले गहिरो जीवन अनुभव, धर्म र संस्कृतिप्रति आस्था, क्षमा, सहनशीलता र स्वीकार्यता बढाउँछ भने रोग वा पीडाका कारण आध्यात्मिक सङ्कट, एक्लोपन र असहायपनको भावना, जीवनको उद्देश्य गुमाएको महसुसमा कमी हुन्छ र आन्तरिक शान्ति प्राप्त हुन्छ ।

ज्येष्ठ नागरिकहरूमा जीवन अनुभवका कारण भावनात्मक र आध्यात्मिक बुद्धिमत्ता उच्च हुने भए पनि सामाजिक अलगावका कारण सामाजिक बुद्धिमत्ता प्रभावित हुन सक्छ । त्यसैले, परिवार, समाज र राज्यले उनीहरूलाई भावनात्मक, सामाजिक र आध्यात्मिक रूपमा सहयोग गर्नु अत्यन्त आवश्यक छ । स्वस्थ वृद्धावस्था केवल शरीरको होइन, मन, सम्बन्ध र आत्माको सन्तुलन पनि हो ।

अर्को मुख्य कुरा ज्येष्ठ नागरिक हुनु आफैंमा आर्थिक चुनौतीपूर्ण अवस्था हो । आम्दानी घट्ने तर खर्च बढ्ने कारण उनीहरू आर्थिक रूपमा कमजोर हुन सक्छन् । त्यसैले सरकार, परिवार र समाजले मिलेर सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र आर्थिक सहयोग प्रणालीलाई बलियो बनाउन आवश्यक छ । आर्थिक सुरक्षाबिना सम्मानजनक वृद्धावस्था सम्भव हुँदैन । नेपालमा धेरै ज्येष्ठ नागरिकहरू अनौपचारिक क्षेत्रमा काम गरेका कारण पेन्सन सुविधा छैन । सामाजिक सुरक्षा भत्ता सीमित भए पनि पर्याप्त छैन । धेरै वृद्धहरू सन्तानमा आर्थिक रूपमा निर्भर छन् । वैदेशिक रोजगारका कारण परिवार विभाजित हुँदा आर्थिक र भावनात्मक सहयोग अस्थिर हुन्छ ।

विश्वभर जनसङ्ख्या वृद्धावस्था (Population Ageing) तीव्रगतिमा बढिरहेको छ । ६०/६५ वर्षभन्दा माथिका जनसङ्ख्या बढ्दा श्रमशक्ति कमी, स्वास्थ्य खर्च, सरकारी खर्च वृद्धि र आर्थिक निर्भरता अनुपातमा ठूलो प्रभाव पर्छ । नेपालमा भने यो समस्या झन् गम्भीर छ किनकि यहाँ सामाजिक सुरक्षा प्रणाली कमजोर छ, परिवारमै आर्थिक निर्भरता बढी छ, स्वास्थ्य खर्च धेरै उच्च छ, ग्रामीण क्षेत्रमा सेवा पहुँच कम छ । तर, सही नीति अपनाएमा वृद्धावस्था बोझ नभई वृद्ध जनसङ्ख्या अनुभव, परामर्श र सामाजिक योगदानमार्फत आर्थिक अवसर पनि बन्न सक्छ ।

ज्येष्ठ नागरिकका लागि बजेट खर्च मात्र होइन, समाजको सम्मान र भविष्यमा गरिएको लगानी हो । आज ज्येष्ठ नागरिकलाई जस्तै व्यवहार भोलि हामीले पाउने पनि त्यस्तै व्यवहार अथवा ज्येष्ठ नागरिकमाथि हुन दुर्व्यवहारविरुद्धको २१ औं विश्व सचेतना दिवस गत असार १ मा मनाइयो ।

उमेरसँगै ज्येष्ठ नागरिकमा आउने परिवर्तन, निभाउनुपर्ने जिम्मेवारी, सामना गर्नुपर्ने चुनौती र अपनाउनुपर्ने सावधानीहरूलाई अँगाल्दै जीवनलाई सम्मानित, मर्यादित, आनन्दित, सहज सरल, स्वस्थ, अर्थपूर्ण बनाउन आफू स्वयम्लगायत परिवार, समाज र राष्ट्रले आजैबाट ध्यान दिनुपर्ने देखिन्छ ।

# आणविक निरीक्षणमा इरानको अडान



दुबई, २३ जून (एपी)। इरानले संयुक्त राष्ट्रसङ्घीय आणविक निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का निरीक्षकहरूले अमेरिकाले पहिले आक्रमण गरेका आणविक स्थलहरूको भ्रमण गर्ने कुनै योजना नरहेको स्पष्ट पारेको छ। यसले स्विट्जरल्यान्ड वार्तापछि आएको अमेरिकी दाबीलाई प्रत्यक्ष चुनौती दिएको छ।

तेहरानमा आयोजित पत्रकार सम्मेलनमा इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले उक्त भ्रमणसम्बन्धी कुनै सहमति वा तयारी नभएको बताउनुभयो। उहाँको भनाइ अमेरिकी उपराष्ट्रपति जेडी भान्सको त्यसअघिको दाबीभन्दा फरक देखिएको छ र स्विट्जरल्यान्ड वार्ताले आईएईएलाई इरानी साइटहरूमा पहुँच दिने सहमति जुटाएको भनिएको थियो।

सन् २०२५ मा इजरायलसँग भएको १२ दिने युद्धपछि आईएईएले इरानभित्र र बाहिर अनुगमन जारी राखेको भए पनि अमेरिकाले लक्षित गरेको बम आक्रमण भएका संवर्धन स्थलहरूमा भने हालसम्म पहुँच नदिइएको इरानले स्पष्ट गरेको छ।

पत्रकार सम्मेलनमा अन्य विषयमा उठाइएको प्रश्नमा बाघाईले इरानको आयात नीति मूल्य र गुणस्तरका आधारमा निर्धारण हुने बताउनुभयो। उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति भान्सका टिप्पणीहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन नगरी प्रतिक्रिया दिनुभएको थियो।

उहाँले थप टिप्पणी गर्दै हालको परिस्थिति र द्वन्द्वको प्रभावबारे व्यङ्ग्यात्मक शैलीमा युद्धको परिणामले इरानी सभ्यताको विनाश गर्ने उद्देश्य राखिएको भए पनि व्यवहारमा यसले अमेरिकी किसानहरूलाई आर्थिक लाभ पुगेको देखिएको बताउनुभयो।

**हर्मुजमा इरानको दाबी**

यसैबिच अमेरिका-इरान युद्ध अन्त्य गर्ने उद्देश्यले स्विट्जरल्यान्डमा सम्पन्न वार्तापछि इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने हर्मुज जलडमरु आफ्नो प्रशासनिक नियन्त्रणमा रहने घोषणा गरेको छ। इरानका प्रमुख वार्ताकार तथा संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले युद्धअघि जस्तो अवस्था अब कहिल्यै नफर्कने र अन्तर्राष्ट्रिय कानुनअनुसार हर्मुज इरानद्वारा नै प्रशासित हुने बताउनुभयो।

स्विट्जरल्यान्डको बर्गनस्टक रिसोर्टमा अमेरिका र इरानबिच भएको वार्तापछि तेहरान फर्कनुभएका घालीबाफले वार्ताबाट सकारात्मक उपलब्धि हासिल भएको दाबी गर्नुभयो। उहाँले हर्मुज जलडमरु, लेबनानको अवस्था, इरानी तेलमा दिइने छुट तथा रोक्का गरिएका सम्पत्ति फुकुवाका विषयमा महत्त्वपूर्ण प्रगति भएको बताउनुभयो।

इरान र संयुक्त राज्य अमेरिका सोमबार हर्मुज जलडमरु खुला राख्ने, समुद्री मार्गको सुरक्षा सुनिश्चित गर्ने तथा लेबनानमा जारी द्वन्द्व अन्त्यका लागि सञ्चार संयन्त्र स्थापना गर्न सहमत भएका थिए। मध्यस्थकर्ताहरूका अनुसार मध्यपूर्वमा फैलिएको तनाव कम गर्न दुवै पक्षबिच प्रत्यक्ष सम्पर्कको व्यवस्था गर्ने समझदारी पनि भएको छ।

घालीबाफले भिडियो सन्देशमार्फत आफूहरू अझै प्रक्रियाको प्रारम्भिक चरणमै रहेको उल्लेख गर्दै कूटनीतिक प्रयास निरन्तर जारी रहने बताउनुभयो। उहाँका अनुसार यो यात्रा विशेषगरी जलडमरुको व्यवस्थापन, लेबनानको अवस्था, तेल कारोबार र आर्थिक विषयमा उपयोगी साबित भएको छ।

सम्झौताअनुसार तेहरानले प्रतिबन्धमा आंशिक राहत पाउने तथा विदेशमा रोक्का गरिएका सम्पत्तिहरू फुकुवा हुने अपेक्षा गरेको छ। इरानी सरकारी सञ्चारमाध्यमका अनुसार घालीबाफले वार्तापछि ओमानमा पनि भ्रमण गर्नुभएको थियो। ओमान हर्मुज जलडमरुसँग जोडिएको मुलुक हो।

युद्धको सुरुआती चरणमा इरानले बन्द गरेको हर्मुज जलमार्ग अमेरिका र इरानबिचको सहमतिपछि गत साता पुनः सञ्चालनमा आएको थियो। तर, लेबनानमा भएको इजरायली आक्रमणको प्रतिक्रियास्वरूप तेहरानले शनिबार फेरि जलडमरु बन्द गर्ने घोषणा गरेको थियो।

कतार र पाकिस्तानका मध्यस्थकर्ताहरूका अनुसार त्यसयता तेहरान र वासिङ्टनले व्यापारिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न, सम्भावित घटना रोक्न र गलत बुझाइबाट उत्पन्न हुन सक्ने तनाव कम गर्न प्रत्यक्ष सञ्चार संयन्त्र स्थापना गर्ने सहमति गरेका छन्।

समुद्री यातायात निगरानी गर्ने संस्थाहरूका अनुसार अमेरिका र इरानबिच युद्ध अन्त्यसम्बन्धी सहमति नजिकिँदै जाँदा सोमबार हर्मुज जलडमरुमा जहाजहरूको आवागमन फेरि तीव्र गतिमा बढ्न थालेको छ।

**द्वन्द्व सुरु भएयता ‘स्ट्रेट अफ हर्मुज’मा उच्च जहाज आवागमन**

यसैबिच इरानसँग सम्बन्धित द्वन्द्व सुरु भएयता सोमबार ‘स्ट्रेट अफ हर्मुज’ हुँदै कम्तीमा ३६ वटा वस्तुवाहक जहाज आवतजावत गरेको फ्रान्सेली दैनिक ‘ले मोन्डे’ ले जनाएको छ।

समुद्री विश्लेषण कम्पनी केप्लरको तथ्याङ्क उद्धृत गर्दै मङ्गबार प्रकाशित समाचारमा उक्त सङ्ख्या द्वन्द्व सुरु भएयताकै उच्च रहेको उल्लेख गरिएको छ।

प्रतिवेदनअनुसार शान्तिकालमा ‘स्ट्रेट अफ हर्मुज’ हुँदै दैनिक औसत १२० जहाज आवतजावत गर्ने गरेका थिए। सोमबारको आवागमन सामान्य अवस्थाको करिब एक तिहाइ बराबर रहेको जनाइएको छ।

‘स्ट्रेट अफ हर्मुज’ विश्वकै महत्त्वपूर्ण ऊर्जा ढुवानी मार्गमध्ये एक मानिन्छ। द्वन्द्वअघि विश्वव्यापी तेल तथा तरलीकृत प्राकृतिक ग्यास (एलएनजी)को २० प्रतिशतभन्दा बढी हिस्सा यही जलमार्ग हुँदै ढुवानी हुने गरेको थियो। खाडी क्षेत्रतर्फ अन्न तथा उपभोग्य वस्तु आपूर्तिका लागि पनि यो मार्ग महत्त्वपूर्ण मानिन्छ।

यसैबिच कतार र पाकिस्तानको मध्यस्थतामा अमेरिकी तथा इरानी वार्ताकारबीच आइतबार मध्यस्विट्जरल्याण्डस्थित बुर्गेनस्टक पर्वतीय रिसोर्टमा वार्ता सुरु भएको छ। गत साता इस्लामाबाद समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएपछि दुवै पक्षबीच भएको यो पहिलो प्रत्यक्ष वार्ता हो।

समझदारीपत्रअनुसार अमेरिका र इरानले लेबनानसहित सबै मोर्चामा सैन्य गतिविधि तत्काल र स्थायी रूपमा अन्त्य गर्ने घोषणा गरेका छन्। साथै, अधिकतम ६० दिनभित्र वार्तामार्फत अन्तिम शान्ति सम्झौतामा पुग्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# तृणमूल काङ्ग्रेसमा विद्रोह गहिरिँदै, पार्टी अध्यक्षमा रोय चयन

कोलकाता, २३ जून (एएनआई)। पश्चिम बङ्गालको राजनीति तीव्र रूपमा तातिँदै गएको बेला तृणमूल काङ्ग्रेस (टीएमसी) भित्र ठुलो विद्रोह देखिएको छ र कम्तीमा ५८ विधायकहरूले नेतृत्वविरुद्ध मोर्चा खोलेर नयाँ सङ्गठनात्मक संरचना घोषणा गरेका छन्। सोही क्रममा पार्टीको नयाँ अध्यक्षका रूपमा अरूप रोयलाई चयन गरिएको घोषणा गरिएको छ।

विद्रोही समूहका अनुसार सोमबार आयोजित विशेष सत्रमा सर्वसम्मत निर्णयमार्फत ३० सदस्यीय राष्ट्रिय कार्यसमिति गठन गरिएको हो। विपक्षका नेता ऋतब्रत बनर्जीले नयाँ संरचनाको घोषणा गर्दै अरूप रोयलाई पार्टी अध्यक्ष चयन गरिएको जानकारी दिनुभयो। समितिमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष, सबिना यास्मिन, जावेद खान, सन्दिपन साहा लगायतका नेताहरू समावेश छन् भने उपाध्यक्षहरूमा फिरहाद हाकिम, अरूप बिस्वास, रथिन घोष र सबिना यास्मिन रहेका छन्।

नयाँ नेतृत्व घोषणा गर्दै ऋतब्रत बनर्जीले पूर्वमुख्यमन्त्री ममता बनर्जीलाई पार्टीको मार्गदर्शक वा सल्लाहकार भूमिकामा रहन आग्रह गरिएको बताउनुभयो। उहाँले ‘दिदीले गुरुको भूमिका निभाएर मार्गदर्शन गर्नुपर्छ’ भन्ने धारणा दोहोऱ्याउनुभयो।

यस घटनालाई टीएमसीको ८० मध्ये ५८ विधायकहरू सहभागी विद्रोहको विस्तारित रूपका रूपमा हेरिएको छ र यसले पार्टीभित्र शक्ति सङ्घर्षलाई खुला रूपमा सतहमा ल्याएको छ। विद्रोही समूहले पश्चिम बङ्गाल विधानसभा विपक्ष नेताको भूमिकामा पनि परिवर्तन गर्दै ऋतब्रत बनर्जीलाई समर्थन गरेको छ।

नयाँ अध्यक्ष बनेपछि प्रतिक्रिया दिँदै अरूप रोयले सङ्क्षिप्त रूपमा ‘काम गर्नेछु’ भन्दै पार्टी पुनर्संरचनामा आफू सक्रिय रहने सङ्केत गर्नुभयो।

तर, पार्टीभित्रको यो विभाजनप्रति पुरानो नेतृत्व पक्षबाट कडा प्रतिक्रिया आएको छ। सांसद सौगत रोयले विद्रोही समूहका नेताहरूलाई बाहिरबाट आएका व्यक्ति भन्दै प्रश्न उठाउनुभयो। उहाँका अनुसार टीएमसीको स्थापना ममता बनर्जीले गर्नुभएको हो र वर्तमान विवादले सङ्गठनको मूल पहिचानमै चुनौती खडा गरेको छ।

यसैबिच पार्टीको वित्तीय र सङ्गठनात्मक नियन्त्रणलाई लिएर पनि विवाद चर्किएको छ। पूर्वकोषाध्यक्ष अरूप बिस्वासले बैङ्क खाता सञ्चालनमा तत्काल रोक लगाउन माग गर्दै पार्टी कोषको प्रयोगबारे प्रश्न उठाउनुभयो। विद्रोही पक्षले भने कोषको स्रोत र व्यवस्थापनबारे छानबिनको माग गरेको छ भने अर्को पक्षले अनियमित रूपमा निकालिएको रकम फिर्ता गर्नुपर्ने अडान लिएको छ।

राजनीतिक तनाव केवल राज्यसम्म सीमित नरही राष्ट्रिय स्तरसम्म फैलिएको देखिन्छ र केही टीएमसी सांसदहरूले अर्को राजनीतिक समूहमा समाहित हुने निर्णयपछि पार्टी नेतृत्व थप दबाबमा परेको छ। यसरी पार्टीभित्रको नेतृत्व, सङ्गठन र कोष व्यवस्थापनलाई लिएर विवाद गहिरिँदै जाँदा टीएमसीको आन्तरिक एकता ठुलो प्रश्नचिह्नमा परेको छ।

## विश्व सङ्क्षेप

### चीनमा भारी वर्षाका कारण नौ हजारभन्दा बढी विस्थापित, विद्यालयहरू बन्द

गुईझोउ (चीन), २३ जून (सिन्ह्वा)। दक्षिणपश्चिम चीनको गुईझोउ प्रान्तका विभिन्न भागहरूमा भएको भारी वर्षाको कारण प्रान्तका नौ हजार १०० भन्दा बढी बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको अधिकारीहरूले मङ्गलबार बताएका छन्।

प्रभावित क्षेत्रहरूमध्ये, कियानानको बौई-मियाओ स्वायत्त प्रान्तको ड्युन सहरले मङ्गलबार बिहान बाढी नियन्त्रणका लागि आपत्कालीन अवस्था घोषणा मङ्गलबार विद्यालयहरू बन्द गर्न आदेश दिएको जनाइएको छ।

अहिलेसम्म बाढीका कारण कुनै हताहत भएको खबर नआएको जनाइएको छ।

वर्षाले प्रान्तका केही भागहरूमा बिजुली आपूर्तिमा पनि बाधा पुगेको छ, भने बिजुली आपूर्ति पुनः स्थापन गर्न एक हजारभन्दा बढी पावर ग्रिड मर्मतकर्मीहरू परिचालन गरिएको जनाइएको छ।

प्रान्तीय मौसम विज्ञान विधागका अनुसार सोमबारदेखि मङ्गलबारसम्म प्रान्तका २० वटाभन्दा बढी स्थानमा काउन्टी-स्तरका क्षेत्रहरूमा भारी वर्षा भएको छ, जसमध्ये चारवटा स्थानमा यस समय अवधिमा २०० मिमीभन्दा बढी वर्षा रेकर्ड गरेको जनाइएको छ।

### कतारस्थित ग्यास उद्योगमा विस्फोट, १३ जनाको मृत्यु

नयाँदिल्ली, २३ जून (सिन्ह्वा)। कतारस्थित रास लाफान तरलीकृत प्राकृतिक ग्यास उद्योग (एलएनजी) मा भएको विस्फोटका कारण १३ जना मृत्यु भएको उल्लेख गर्दै मृत्यु हुने मध्ये १२ जना भारतीय नागरिक रहेको कतारस्थित भारतीय दूतावासले बताएको छ।

उक्त विस्फोटको घटनामा १३ जनाको मृत्यु भएको पुष्टि भइसकेको जनाउँदै अन्य ६६ जना घाइते भएको दूतावासले जनाइएको छ।

मृतकको पार्थिव शरीर चाँडै नै भारत पठाइने तयारी भइरहेको पुष्टि गर्दै दूतावासले यस घटनाबाट प्रभावित भारतीय नागरिक र उनीहरूका परिवारलाई यथासक्य सहयोग गर्नका लागि कतारी अधिकारीहरूसँग सम्पर्कमा रहेर आवश्यक काम गरिरहेको जनाएको छ।

गत मार्च महिनामा भएको इरानी आक्रमण पछि बन्द भएको ग्यास उद्योग पुनः सञ्चालनमा आई कामदारहरूले काम गरिरहेको समयमा विस्फोट भएको मिडियाले रिपोर्ट गरेका छन्।

# डलरको दबाबमा येन

टोकियो, २३ जून (एएफपी)। अमेरिकी डलरको तुलनामा जापानी येन झन्डै ४० वर्षयताकै न्यून स्तरमा झरेपछि जापान सरकारले विदेशी विनिमय बजारमा पुनः हस्तक्षेप गर्न सक्ने सङ्केत दिएको छ। अर्थमन्त्री सात्सुकी कातायामाले मङ्गलबार टोकियो आवश्यक परे ‘दृढ कदम’ चाल्न तयार रहेको बताउनुभएको छ।

मध्यपूर्वमा जारी तनाव, अमेरिका



र जापानबिचको ब्याजदर अन्तर तथा दीर्घकालीन मौद्रिक नीतिका कारण येनमाथि लगातार दबाब बढ्दै गएको छ। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टसँगको वार्तापछि कातायामाले जापान र अमेरिकाबिच आवश्यक परे निर्णायक कदम चाल्ने विषयमा समान समझदारी रहेको बताउनुभयो।

जापानी सरकारले पुष्टि गरेको उक्त वार्तापछि बजारमा जापान पुनः हस्तक्षेपको तयारीमा रहेको सङ्केत देखिएको छ। टोकियोले गत महिना मात्रै येनलाई समर्थन गर्न ७० अर्ब डलरभन्दा बढी खर्च गरिसकेको छ।

सोमबार प्रकाशित समाचारपछि डलरको तुलनामा १६१.९३ येनसम्म झरेको जापानी मुद्रा केही सुधार भई मङ्गलबार टोकियो बजारमा प्रतिडलर करिब १६१.६० येनमा कारोबार भएको थियो। यो सन् १९९६ डिसेम्बरपछि देखिएको सबैभन्दा कमजोर विनिमय दरमध्ये एक हो। सन् २०११ मा भने एक डलर बराबर करिब ७५ येनसम्म पुगेको थियो।

कमजोर येनले ऊर्जा र कच्चा पदार्थ आयातमा निर्भर जापानका लागि आयात खर्च बढाएको छ। विशेषगरी डलरमा कारोबार हुने पेट्रोलियम पदार्थ महँगो हुँदा घरेलु अर्थतन्त्रमा थप दबाब परेको छ। अर्कोतर्फ, कमजोर येनका कारण विदेशी पर्यटकका लागि जापानमा किनमेल, होटल तथा भोजन खर्च सस्तो बनेकाले पर्यटन क्षेत्रमा उल्लेखनीय वृद्धि भएको छ।

एमयुएफजीका विश्लेषक माइकल वानले दीर्घकालीन सुधारका लागि अमेरिकाको तुलनामा जापानको वास्तविक ब्याजदर अन्तर घट्नुपर्ने बताउनुभयो। उहाँका अनुसार बैङ्क अफ जापानले थप आक्रामक मौद्रिक नीति अपनाउने स्पष्ट सङ्केत दिन सके मात्रै येनलाई स्थायी रूपमा बलियो बनाउन सकिन्छ।

बैङ्क अफ जापानले गत साता ब्याजदरलाई ३१ वर्षयताकै उच्च स्तरमा पुऱ्याएको थियो। त्यही समयमा अमेरिकी फेडरल रिजर्भले पनि थप कडा मौद्रिक नीति अपनाउने सङ्केत दिँदै यसै वर्ष पुनः ब्याजदर बढ्न सक्ने जनाएको छ।

यद्यपि, बैङ्क अफ जापानले थप ब्याजदर वृद्धि गरेमा प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारबाट प्रतिरोध हुन सक्ने विश्लेषकहरूको भनाइ छ। उच्च उधारो लागतले आर्थिक वृद्धि प्रभावित हुन सक्ने चिन्ताले सरकार थप कडाइतर्फ जान सावधानी अपनाइरहेको छ।

# चिकित्सक व्यावसायिक क्षतिपूर्ति बीमा : कार्यान्वयनको बाटो

डा. विश्वराज दवाडी

काठमाडौं । नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व सङ्क्रमणकालबाट गुज्रिरहेको छ । एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरू र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरबाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुर्‍याएका छन् ।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौं र करोडौं रूपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्ण दक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बीमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन ।

**के हो प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स ?**

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो । चिकित्सा क्षेत्र शतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र औषधिको प्रतिक्रिया फरक हुनसक्छ । सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अन्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बीमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च व्यहोर्ने गर्दछ । स्मरण रहोस्, यस बीमाले नियतवश गरिएको अपराध वा मदिरा/लागूऔषध सेवन गरी गरिएको लापरवाहीलाई समेट्दैन । यसको मुख्य उद्देश्य इमानदार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो । नेपालको सन्दर्भमा यो बीमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरू निम्न छन् :

**उपभोक्ता अदालतको बढ्दो सक्रियता र वित्तीय जोखिम**

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरू गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ । हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरू कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ । अदालतहरूले अस्पताल र डाक्टरहरूलाई करोडौं रूपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरू सुनाउन थालेका छन् । कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगत रूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम व्यहोर्न असम्भव प्रायः हुन्छ । यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ ।

**सर्वोच्च अदालतको स्पष्ट नजिर र कानुनी सन्देश**

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र व्याख्याहरूले स्पष्ट सन्देश दिएका छन् - डाक्टर हुनुको अर्थ लापरबाहीमा उन्मुक्ति पाउनु होइन । अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च प्राथमिकतामा राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ । अदालतको यो नजिरपछि डाक्टरहरूका लागि वित्तीय र व्यावसायिक सुरक्षाको खाँचो झनै टड्कारो बनेर आएको छ ।

**'डिफेन्सिभ मेडिसिन' को घातक चक्र रोक्न**

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ । यसको सीधा अर्थ हुन्छ - डाक्टरहरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने । त्यस्तै, कानुनी रूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौं ल्याब टेस्ट र भिडियो एक्सरेहरू गराउन बाध्य पार्ने । यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ । बीमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन् ।

**अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य**

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दुःखद पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाइ गर्ने प्रवृत्ति हो । यदि यो बीमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिनेछ । कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बीमाको दायरामा आउनेछन् । बीमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्नेछ र वास्तविक पीडितले कानुनी रूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुनेछ । यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउनेछ ।

**अन्तर्राष्ट्रिय अभ्यास र नेपालको स्वास्थ्य पर्यटन**

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरू (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमा समेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बीमाबिना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन् । नेपालले पनि अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीय रूपमा सुरक्षित हुनुपर्छ । विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बीमा अन्तर्राष्ट्रिय मापदण्ड अनिवार्य छ ।

**तत्काल र सफल कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरू**

नेपाल बीमा प्राधिकरणले केही समयअघि यस प्रकारको बीमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । यसलाई भोलिदेखि नै देशव्यापी रूपमा लागू गर्नका लागि निम्न रणनीति र चरणहरू तत्काल चाल्नु आवश्यक छ :

**पहिलो चरण : नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यता -** नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बीमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ । बीमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन ।

**दोस्रो चरण : जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारण -** नेपाल बीमा प्राधिकरणले नेपाल मेडिकल एसोसिएशन र बीमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ । उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छाला रोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोही अनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ ।

**तेस्रो चरण : सरकारी र निजी अस्पतालहरूको संस्थागत दायित्व -** डाक्टरहरू आफैंले मात्र नभई उनीहरू कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ । सरकारी अस्पतालमा कार्यरत डाक्टरहरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा व्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ ।

**चौथो चरण : स्वतन्त्र 'मेडिको-लीगल बोर्ड' को गठन -** कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बीमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ । यस बोर्डको प्राविधिक सिफारिसका आधारमा मात्र बीमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झूटा मुद्दा हालेर बीमाको रकम दुरुपयोग गर्न नसकोस् ।

यस बीमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरुवाती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बीमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो । यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बीमा कम्पनीहरूले सामूहिक बीमाको ढाँचा ल्याउन सक्छन् । नेपाल मेडिकल एसोसिएसनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बीमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ ।

चिकित्सा क्षेत्र कुनै जादु वा शतप्रतिशत सुनिश्चित भएको कारखाना होइन । भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ । बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो । अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिक रूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनुहुँदैन । स्वास्थ्य मन्त्रालय, नेपाल बीमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहङ्कार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बीमालाई राष्ट्रिय एजेन्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ । यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनी रूपमा सबल र उत्तरदायी बनाउनेछ ।

*(लेखक नेपाल चिकित्सक सङ्घका महासचिव हुनुहुन्छ)* **रासस**

# सिक्टा नहरको पानीले २२ हजार हेक्टर जमिनमा सिँचाइ

**- रूपनी जिएम**

जानकी (बाँके), ९ असार । पर्याप्त वर्षा नहुँदा पनि सिक्टा सिँचाइ आयोजनाबाट नहरमा पानी प्रवाह भएपछि बाँकेका विभिन्न क्षेत्रमा धान रोपाइँ तीव्र बनेको छ । आयोजनाले नहर प्रणालीमार्फत पानी उपलब्ध गराएपछि किसानले आकाशे पानीको प्रतीक्षा नगरी खेतमा धान रोप्न थालेका छन् ।

राप्तीसोनारी गाउँपालिका-३ नवलपुरकी मेलिना चौधरीले नहरबाट आएको पानीको सदुपयोग गर्दै सोमबारदेखि धान रोपाइँ सुरु गर्नुभएको छ । उहाँले चार कट्ठा खेतमा धान रोप्नुभएको छ भने बाँकी नौ कट्ठा खेतमा मङ्गलबार रोपाइँ सक्ने तयारी रहेको बताउनुभयो । जलजला महिला समूहका १३ रूपार्नेको सहयोगमा खेत रोप्नुभएकी चौधरीले प्रतिव्यक्ति प्रतिघण्टा रु. १२० का दरले ज्याला दिएर रोपाइँ गराउनुभएको हो । उहाँले भन्नुभयो, "सिक्टाले नहरमा पानी छोडेपछि आकाशबाट पानी नपरे पनि ढुक्क भएर रोपाइँ गर्न पाएका छौँ । नहरको पानीले खेत रोप्न धेरै सजिलो भएको छ ।"

मेलिनाको खेतमा रोपाइँ गर्न आउनुभएकी सोही गाउँकी मनसरा डाँगीले पनि सिक्टाको पानीका कारण खेतीपाती गर्न सहज बनेको बताउनुभयो । उहाँले मङ्गलबार आफ्नो १४ कट्ठा खेतमा धान रोप्ने तयारी रहेको जानकारी दिँदै भन्नुभयो, "पहिले पानीको चिन्ताले रोपाइँ कहिले गर्ने भन्ने अन्योल हुन्थ्यो । अहिले नहरमा पानी आएपछि समयमा खेती गर्न सकिने भएको छ । मङ्गलबार आफ्नै खेतमा पनि रोपाइँ सुरु गर्छु ।"



सिक्टा सिँचाइ आयोजनाले आइतबारदेखि राप्तीसोनारी गाउँपालिका-३ नवलपुर क्षेत्रमा पानी प्रवाह गरेपछि स्थानीय किसान रोपाइँमा जुटेका छन् । नवलपुरमा यस वर्षको पहिलो रोपाइँ स्थानीय किसान चन्द्रबहादुर थापाले गर्नुभएको थियो । उहाँले असारको पहिलो सातामै पाँच कट्ठा १४ धुर खेतमा धान रोपाइँ सम्पन्न गरिसकेको बताउनुभयो ।

थापाले भन्नुभयो, "सिक्टाको पानी उपलब्ध भएपछि खेत बाँझै रहने चिन्ता हटेको छ । अघिल्ला वर्षभन्दा अगाडि नै रोपाइँ गर्न पाएका छौँ । समयमै खेती गर्न सकिने भएकाले यस वर्ष उत्पादन पनि राम्रो हुने अपेक्षा गरेका छौँ ।"

किसानका अनुसार सिक्टा सिँचाइ आयोजनाको पानीले वर्षामाथिको निर्भरता घटाउँदै खेतीपातीलाई सहज बनाएको छ । नहर प्रणालीबाट नियमित पानी उपलब्ध हुन थालेपछि बाँकेका विभिन्न क्षेत्रमा धान रोपाइँले गति लिएको छ । सिक्टा सिँचाइ आयोजनाले हालसम्म बाँके जिल्लाका करिब २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराएको जनाएको छ । आयोजनाअन्तर्गत निर्माणाधीन डुडुवा शाखा नहर सम्पन्न भएपछि सिँचाइ क्षेत्र विस्तार भई ३० हजारदेखि ३२ हजार हेक्टरसम्म पुग्ने अपेक्षा गरिएको छ ।

सिक्टा सिँचाइ आयोजनाका इन्जिनियर विकास विष्टले आयोजनाको मुख्य बाँध (हेडवर्क्स) बाट पूर्वी तथा पश्चिम मूल नहरमार्फत पानी सञ्चालन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार ३१७ मिटर लम्बाइको बाँधबाट पूर्वी र पश्चिम मूल नहरमा पानी वितरण गरिँदै आएको छ । पूर्वीतर्फ फत्तेपुरका विभिन्न शाखा तथा राजकुलोमा पानी प्रवाह भइरहेको छ भने पश्चिमतर्फ सिद्धनिया, अक्कलघरवा, गोहवा, पिडारी, पर्सेनिपुर र गुरुवागाउँलगायत शाखामा सिँचाइका लागि पानी उपलब्ध गराइएको छ ।

इन्जिनियर विष्टले भन्नुभयो, "सिक्टा सिँचाइ आयोजनाले पानी उपलब्ध गराउनुपर्ने करिब ४३ हजार हेक्टर क्षेत्रमध्ये हाल २२ हजार हेक्टरमा किसानलाई सिँचाइका लागि पानी दिइरहेका छौँ । डुडुवा शाखाले सिँचाइ गर्नुपर्ने १६ हजार हेक्टर क्षेत्रका लागि नहर निर्माणको काम भइरहेको छ ।"

उहाँका अनुसार डुडुवा नहर प्रणालीको निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्माण कार्यको पहिलो वर्ष पूरा भइसकेको र बाँकी दुई वर्षभित्र डुडुवा शाखा, खजुरा शाखा तथा मानपुर शाखासहितका संरचना निर्माण सम्पन्न गरिनेछ ।

इन्जिनियर विष्टले भन्नुभयो, "डुडुवा शाखा नहरको निर्माण सम्पन्न भएपछि १६ हजार हेक्टर क्षेत्रले सिँचाइ सुविधा पाउनेछ । यही गतिमा काम अघि बढे तीन वर्षभित्र बाँके जिल्लामा आयोजनाअन्तर्गत सिँचाइ गर्नुपर्ने ४३ हजार हेक्टर क्षेत्रफलमा पानी पुर्‍याउन सफल हुनेछौं ।"

हाल आयोजनाले ४३ हजार ६७५ हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा विस्तार गर्ने लक्ष्य लिएको जानकारी दिँदै उहाँले डुडुवा शाखा सम्पन्न भएपछि कूल सिञ्चित क्षेत्र ३० देखि ३२ हजार हेक्टर पुग्ने बताउनुभयो । इन्जिनियर विष्टका अनुसार प्रत्येक वर्ष असारको पहिलो वा दोस्रो सातादेखि किसानलाई ब्याड राख्न तथा रोपाइँका लागि आवश्यक पानी उपलब्ध गराइँदै आएको छ । उहाँले भन्नुभयो, "असारको अन्तिमसम्म सिक्टा सिँचाइ आयोजनाले पानी उपलब्ध गराउन सक्ने अधिकांश क्षेत्रमा किसानको रोपाइँ कार्य सम्पन्न हुने विश्वास लिएका छौँ ।"

यस वर्ष बाँकेमा पर्याप्त वर्षा नभए पनि सिक्टा सिँचाइ आयोजनाले शिक्षादहरबाट पानी सञ्चालन गरेपछि जिल्लाका विभिन्न क्षेत्रमा धान रोपाइँ सुरु भएको छ । आयोजनाका अनुसार कोहलपुर नगरपालिका वडा नं ६, १० र १५, जानकी गाउँपालिका वडा नं ३, ४ र ५, बैजनाथ गाउँपालिका वडा नं ५ र ७, डुडुवा गाउँपालिका वडा नं २ र ५ तथा खजुरा गाउँपालिका वडा नं ४, ५, ६, ७ र ८ मा रोपाइँ सुरु भइसकेको छ ।

त्यसैगरी, राप्तीसोनारी गाउँपालिका वडा नं २, ३, ४, ५, ६ र ७ तथा नरैनापुर गाउँपालिका वडा नम्बर ६ मा किसानले सिक्टा नहरको पानी प्रयोग गरी धान रोप्न थालेका छन् । सिद्धनिया, अक्कलघरवा, गोहवा, पिडारी, पर्सेनिपुर र गुरुवागाउँ शाखा नहरमार्फत पानी पुगेपछि ती क्षेत्रका किसान रोपाइँमा व्यस्त भएका छन् ।

(रासस)

# सुविधाको मोहमा पलायन हुँदै छन् नेपाली चिकित्सक

काठमाडौँ, ९ असार । आकर्षक सेवा सुविधा पाउने मोहमा प्रायः नेपाली चिकित्सकले रोजगार गन्तव्यका लागि बाहिरी मुलुकनै रोज्ने गरेको डरलाग्दो तथ्याङ्क बाहिरिएको छ ।

नेपाल मेडिकल काउन्सिलले वार्षिक झन्डै दुई हजारको सङ्ख्यामा चिकित्सकीय दर्ता प्रमाणपत्र (लाइसेन्स) प्रदान गर्ने गर्छ । त्यतिकै सङ्ख्यामा विदेश जान चिकित्सकले काउन्सिलबाट 'असल चारित्रिक प्रमाणपत्र' लिने गरेको पाइएको छ ।

काउन्सिलमा सन् २०२५ मा दुई हजार १२२ जनाले चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका थिए । सोही वर्ष दुई हजार ३९० जना चिकित्सकले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् । यस वर्षलाइसेन्स लिएकाले भन्दा २६८ जना बढी चिकित्सक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् ।

काउन्सिलको चारित्रिक प्रमाण प्रमाणीकरण शाखा प्रमुख प्रदीप रिजालले सन् २०२० यता १३ हजार १४० चिकित्सकले लाइसेन्स लिएका र ११ हजार ६८ चिकित्सक बाहिरी मुलुक जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएको राससलाई बताउनुभयो ।

काउन्सिलका निमित्त रजिष्ट्रार डा. दीपेन्द्र पाण्डेले विगत १० वर्षदेखि चिकित्सकहरू राम्रो सेवा सुविधाका लागि विदेश जाने गरेको बताउनुहुन्छ । विदेशमा आकर्षक तलब, सेवा सुविधाका कारणले चिकित्सक जाने गरेका छन् ।

उहाँका अनुसार सबभन्दा धेरै चिकित्सक अमेरिका, बेलायत, माल्दिभ्स, सयुक्त अरब इमिरेट, अस्ट्रेलिया, भारत, क्यानडा, जर्मन जाने गर्छन् । नेपालमा मेडिकल अधिकृत तहमा कमै अवसर हुने गर्दछ । त्यसैले स्नातकोत्तर तह पढ्दै र अस्पतालमा काम गर्न असल चारित्रिक प्रमाण पत्र लिने गरेको निमित्त रजिष्ट्रार डा. पाण्डेले बताउनुभयो ।

काउन्सिलको तथ्याङ्कअनुसार अमेरिकामा सन् २०२० यता वर्षमा दुई हजार ९९५ जना चिकित्सक गएका छन् । अमेरिकापछि बेलायतमा दुई हजार ६३७ जना, माल्दिभ्समा दुई हजार २४१ जना, अस्ट्रेलिया ८४८ जना, संयुक्त अरब इमिरेटसमा ७२० जना, क्यानडामा १४८ जना, जर्मनमा ९२ जना चिकित्सक गएका तथ्याङ्कमा देखिएको छ । छिमेकी मुलुक भारतमा पनि ९१८ जना चिकित्सक गएको तथ्याङ्क छ । काउन्सिलका अनुसार चिकित्सक विभिन्न २३ मुलुक जाने गरेका छन् ।

सन् २०२० मा ८६९ जना चिकित्सक मुलुक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् । यस्तै सन् २०२१ मा एक हजार ३२७ जना, सन् २०२२ मा एक हजार ९५४ जना, सन् २०२३ मा दुई हजार ३१८ जना, सन् २०२४ मा दुई हजार २१० जनाले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् ।

"चिकित्सकले असल चारित्रिक प्रमाणपत्र विदेशमा जागिर र पढनका लागि लिन गर्दछन्", निमित्त रजिष्ट्रार पाण्डेले भन्नुभयो, "तर नेपालबाट धेरैजसो चिकित्सक पढ्नभन्दा पनि विदेशमा गएर नाकरी गर्नका लागि असल चारित्रिक प्रमाण पत्र लिने गरेका छन् ।"

यस्तै सन् २०२० मा दुई हजार १३१ जना चिकित्सकले दर्ता प्रमाणपत्र लिएका छन् । सन् २०२१ मा एक हजार ७१६ जना, सन् २०२२ मा दुई हजार ८५ जना, सन् २०२३ मा दुई हजार ६९२ जना, सन् २०२४ मा दुई हजार ३९४ जना चिकित्सकले काउन्सिलबाट दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका छन् ।

नेपालमा सेवा सुविधा कम भएको कारणले चिकित्सक रोजगारीका लागि विदेश जाने गरेका छन् । काउन्सिलमा अहिलेसम्म ३९ हजार ४८६ जना चिकित्सकले लाइसेन्स लिइसकेका छन् । *(रासस)*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३५

**राष्ट्रिय अनुसन्धान विभागको उपत्यका अभियान महाशाखा प्रमुख कृष्णप्रसाद खनालः**

नेपाल सरकारबाट सामाजिक सञ्जाल बन्द गर्नुअघि सोबाट आउन सक्ने सुरक्षा जोखिम मूल्याङ्कन गरिएको थिएन । तर, सामाजिक सञ्जाल बन्दले विभिन्न क्षेत्रमा पारेको असर र त्यसबाट उत्पन्न असन्तुष्टिबारे रिपोर्टिङ भएको थियो । फेक अकाउन्ट ट्रायक गर्ने प्रविधि विभागमा छैन ।

भदौ २३ गते करिब ८००० कलेज स्तरका विद्यार्थी विशेष गरी किशोर किशोरीहरूको समूह प्रदर्शनमा आउने सूचना विभागलाई आएको थियो । केही राजनीतिक स्वार्थ समूहले नियोजित रूपमा यो अवसरको दुरुपयोग गर्नसक्छन् भन्ने विश्लेषण पनि थियो ।

नेपाली सेनाको उपत्यका पृतनामा २४ गते बिहान बसेको सुरक्षा निकाय उपत्यका प्रमुखहरूको अनौपचारिक बैठकमा नेताहरूका निजी निवास, पार्टी कार्यालय, प्रहरी कार्यालय, सरकारी कार्यालय, व्यापारिक प्रतिष्ठानलगायतका स्थानहरूमा आगजनी, तोडफोड, लुटपाट हुन सक्ने छलफल भएको थियो ।

पूर्वप्रधानमन्त्री के.पी. शर्मा वलीले सञ्चार माध्यममा "प्रहरीले गोली चलाएको होइन, बाहिरबाट आपराधिक तत्त्वले योजनाबद्ध ढङ्गले चलाएको हो" भन्ने आधारहीन र गैह्रजिम्मेवार टिप्पणीले भ्रम र अफवाह मात्र बढाउँछ । प्रदर्शनमा व्यवस्था र सरकारविरुद्ध असन्तुष्ट समूहहरू मात्रै नभई मुख्य दलभित्रका असन्तुष्ट समूहको समेत घुसपैठ भएको लाग्छ ।

भदौ २४ गते नख्खुबाहेक अन्य कारागारमा प्रदर्शनकारीको दबाब नभएकोले कैदीबन्दी निस्कनुमा कारागार सुरक्षा प्रशासन नै जवाफदेही बन्नुपर्ने देखिन्छ ।

२३ गतेको घटनाबाट सिर्जित आक्रोशको जगमा रातारात बुनिएको योजनाले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको तीनवटै केन्द्र आगजनी गरी ध्वस्त पारिएको हो ।

**राष्ट्रिय अनुसन्धान विभागको काठमाडौं जिल्ला प्रमुख रिबेन कुमार गच्छदारः**

भदौ १९-२० गतेदेखि नै सामाजिक सञ्जालमार्फत आन्दोलनका सङ्केतहरू देखिन थालेका थिए । तर, TikTok, X, Instagram, Reddit, Discord जस्ता डिजिटल प्लेटफर्महरूमा अत्यधिक गतिविधि हुँदाहुँदै पनि, प्राविधिक दक्षता र साइबर निगरानी साधनको अभावले NID ले गहिरो ट्रायकिङ गर्न सकेन ।

सामाजिक सञ्जालमा केही विद्यार्थीलाई "युनिफर्म लगाएर आए प्रहरीले हस्तक्षेप गर्दैन", Molotov cocktail लिएर तयार हुनुजस्ता सूचनाहरू पनि फैलिएको थियो । यद्यपि तीमध्ये धेरै सामग्री NID ले ट्रायक गर्न नसके पनि आन्दोलन हिंसात्मक हुनसक्ने चेतावनी दिएको थियो ।

भदौ २३ गतेको आन्दोलनमा ५–८ हजार प्रदर्शनकारी हुने अनुमान गरिए पनि ब्यारिकेड नजिक ३ हजारका हाराहारी रहेको र परिस्थिति बिग्रँदै जाँदा सङ्ख्या १० हजारसम्म पुगेको थियो । राजावादी, असन्तुष्ट दलहरू, रा.स्व.पा.का समर्थक, स्वतन्त्र अभियानकर्ताहरू र 'TOB' जस्ता समूहहरूको समेत उपस्थिति हुन सक्ने प्रारम्भिक मूल्याङ्कन रहेको थियो ।

भदौ २३ गते प्रहरी र सशस्त्र प्रहरीले भिड नियन्त्रण गर्न अश्रुग्याँस र रबर बुलेट प्रयोग गरिरहेका थिए । पहिलो गोली कर्फ्यु जारी (१२:३०) पछि संसद् भवन परिसरभित्रै खटिएका सुरक्षाकर्मीबाट चलेको बुझिएको हो, तर कति बजे कसले चलायो भन्ने ठोस प्रमाण NID सँग छैन ।

साँझ १६:३० पछि एक टुक सेना संसद् भवनभित्र प्रवेश गरेपछि सुरक्षा निकायहरूले संयुक्त कारबाही सुरु गरेको थियो । त्यसपछि कमान्ड पोस्ट जिल्ला प्रशासन कार्यालयबाट सिंहदरबारस्थित नरसिंह दल गणमा सारिएको थियो । जहाँ २५ गते बिहानसम्म सुरक्षा समन्वय चलिरहेको थियो ।

भदौ २४ गते समेत सांसद, सरकार प्रमुख, विभिन्न दलका नेताहरूका निवास, सरकारी तथा निजी संरचना, प्रहरी कार्यालयहरूमा आगजनी-तोडफोड हुने सम्भावना पहिल्यै आकलन गरिएको र संवेदनशील स्थानहरूमा NID जनशक्ति पनि परिचालन गरिएको थियो ।

**भक्तपुर...**

आ-आफ्ना धारणा, सुझाव तथा जिज्ञासा राखेका थिए ।

प्रस्तुत नीति तथा कार्यक्रममाथि सभासदहरू हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, कृष्णगोपाल चौगुठी, नारायणप्रसाद त्वानाबासु, तारादेवी शाक्य, मन्जुमैयाँ लाखा र गोविन्द दुवालले महेश्वरी खेलमैदानलाई राष्ट्रियस्तरको खेलमैदानको रूपमा विकास गर्नुपर्ने, बाराही पीठदेखि उत्तर बाराही पुलसम्म रहेका विभिन्न मन्दिरहरू जीर्ण अवस्थामा रहेकाले तिनको संरक्षण तथा पुनःनिर्माणमा विशेष जोड दिनुपर्ने, नगरपालिकाको व्यवस्थापनमा सञ्चालित भक्तपुर नगरपालिका वडा नं. ६ स्थित नागरिक आरोग्य केन्द्रको स्तरोन्नति गरी सेवा-सुविधा विस्तार गर्नुपर्ने, ख्वप अस्पतालका सेवा-सुविधाहरूलाई छिटो, छरितो र प्रभावकारी बनाउन डिजिटल प्रविधिको अधिकतम उपयोग गर्नुपर्ने, स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूको व्यवस्थापन गर्नुका साथै तालिम र आवश्यक शिक्षण सामग्री उपलब्ध गराउनुपर्ने, शैक्षिक ऋणको ब्याजदर समयसापेक्ष रूपमा पुनरावलोकन गरी घटाउनुपर्ने तथा ऋणको अधिकतम सीमा रु. ७ लाखसम्म पुऱ्याउन पहल गर्नुपर्ने, कृषि विषयमा अध्ययन तथा अनुसन्धान प्रवर्द्धन गर्न नगरभित्र कृषि अनुसन्धान केन्द्र सञ्चालनका लागि आवश्यक पहल गर्नुपर्ने, खेलकुद समितिबाट सञ्चालन हुने विभिन्न खेलकुद गतिविधिहरूको प्रभावकारी अनुगमन तथा निगरानीको व्यवस्था गर्नुपर्ने, भक्तपुर नगरपालिका वडा नं. १० स्थित कमलविनायक बहुउद्देश्यीय भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने, भक्तपुर नगरपालिका वडा नं. १० स्थित मुलाँला सडक क्षेत्रमा हुने सवारी जाम न्यूनीकरण गर्न वैकल्पिक सडक निर्माण तथा विस्तार गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

नगरसभाको अर्को बैठक २०८३ असार १० गते दिनको १ बजे बस्ने गरी स्थगित भयो । उक्त सभामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को अनुमानित आय–व्यय बजेट प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

# युरोपमा भीषण गर्मीको सङ्कट गहिरिँदै

पेरिस, ९ असार (एएफपी) । युरोपभर फैलिएको असाधारण गर्मी लहरका कारण जनजीवन, ऊर्जा प्रणाली र स्वास्थ्य क्षेत्रमा गम्भीर असर देखिन थालेको छ । वैज्ञानिकहरूले यो अवस्थालाई जलवायु परिवर्तनको स्पष्ट सङ्केत भन्दै यस्ता गर्मीका छालहरू अझ बारम्बार, लामो र तीव्र हुने चेतावनी दिएका छन् ।

फ्रान्समा गर्मीका कारण डुबेर मृत्यु हुने घटनामा वृद्धि भएको छ । खेलकुद तथा युवा मन्त्रीका अनुसार सप्ताहन्तयता करिब २० जनाको डुबेर मृत्यु भएको छ र नागरिकहरूलाई पानीका निकायमा सावधानी अपनाउन आग्रह गरिएको छ । यसअघि सुरक्षा निकायले कम्तीमा १३ जनाको मृत्यु भएको पुष्टि गरेको थियो ।

अत्यधिक तापक्रमका कारण फ्रान्स सरकारले सङ्कट व्यवस्थापन बैठक समेत आयोजना गरेको छ । देशका एक हजार ३५० भन्दा बढी विद्यालय बन्द भएका छन् भने औसत तापक्रमले जुन महिनाकै रेकर्ड तोड्दै २९.२ डिग्री सेल्सियस पुगेको छ । गर्मीको प्रभाव तीव्र बनेपछि ५४ विभागमा रेड अलर्ट जारी गरिएको छ र यसले करोडौं नागरिकलाई प्रभावित गरेको छ ।

ऊर्जा क्षेत्रमा पनि असर देखिएको छ । दक्षिणपश्चिमी फ्रान्सको एउटा आणविक रिएक्टर नदीको पानी अत्यधिक तातो भएपछि बन्द गरिएको छ । चिसो पार्न प्रयोग हुने पानीको तापक्रम २८ डिग्री सेल्सियसको सुरक्षित सीमा नाघेपछि यो निर्णय गरिएको हो ।

बेल्जियममा मौसम विभागले आगामी दिनहरूमा अहिलेसम्मकै उच्च तापक्रम पुग्ने चेतावनी दिएको छ । केही विद्यालयले कक्षाहरू छोट्याएका छन् भने नागरिकलाई सतर्क रहन आग्रह गरिएको छ ।

जर्मनीमा गर्मीका कारण पौडी दुर्घटनामा वृद्धि हुँदा सप्ताहन्तमा पाँच जनाको मृत्यु भएको छ । साथै, फ्रान्कफर्ट विमानस्थलमा लामो समय विमानमा रोकिएका यात्रुहरूलाई स्वास्थ्य समस्या देखिएपछि उपचार गरिएको छ ।

दक्षिणपूर्वी फ्रान्समा दुई र चार वर्षका दुई बालबालिका कारभित्र मृत भेटिएको घटनाले थप चिन्ता बढाएको छ । अधिकारीहरूले अत्यधिक गर्मीलाई सम्भावित कारणका रूपमा अनुसन्धान गरिरहेका छन् ।

यात्रा तथा यातायात क्षेत्रमा पनि असर देखिएको छ । पेरिस क्षेत्रका अधिकारीहरूले अत्यधिक गर्मीका बेला अनावश्यक यात्रा स्थगित गर्न र घरबाट काम गर्न सकिनेहरूलाई त्यसै गर्न आग्रह गरेका छन् । रेल प्रणाली ५० डिग्रीसम्मको तापक्रम सहन नसक्ने चेतावनीसमेत दिइएको छ ।

बेलायतमा पनि उच्च स्तरको गर्मी चेतावनी जारी गरिएको छ र त्यहाँ केही क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ । मौसम विभागले जुन महिनाकै रेकर्ड तोडिन सक्ने चेतावनी दिएको छ ।

# केन्यामा अदालतको अवहेलना विवादबिच अमेरिकी इबोला सुविधा निर्माण रोकियो

नैरोबी, ९ असार (एएफपी) । केन्याले अमेरिकी सहयोगमा निर्माणाधीन इबोला क्वारेन्टाइन सुविधासम्बन्धी तयारीका काम तत्काल रोक्न आदेश दिएको छ । यसअघि अदालतले दिएको सोसम्बन्धी आदेश पालना नगरेको आरोपमा स्वास्थ्यमन्त्रीलाई अदालतको अवहेलनाको मुद्दा लागेपछि उहाँ ले मङ्गलबार अदालतलाई उक्त जानकारी गराउनुभएको हो । केन्याका स्वास्थ्यमन्त्री अदेन दुआलेले अदालतमा पेश गरेको वक्तव्यमा उक्त सुविधासँग सम्बन्धित निर्माणस्थल तयारी तथा अन्य सबै गतिविधि तत्काल र पूर्ण रूपमा बन्द गर्न निर्देशन दिएको उल्लेख गर्नुभएको छ । उहाँले मूल मुद्दाको सुनुवाइ र फैसला नभएसम्म वा अदालतबाट अर्को आदेश जारी नभएसम्म काम स्थगित रहने बताउनुभयो । संयुक्त राज्य अमेरिकाले गत महिना 'डेमोक्रेटिक रिपब्लिक अफ द कङ्गो'मा सुरु भएको इबोला प्रकोपबाट प्रभावित क्षेत्रबाट आफ्ना नागरिकलाई आवश्यक परे उद्धार गर्न सकियोस् भन्ने उद्देश्यले 'लाइकिपिया एयर बेस'मा उक्त सुविधा निर्माणको तयारी गरिरहेको थियो । यस विषयमा दायर गरिएको मुद्दाको थप सुनुवाइ अदालतमा जारी रहेको जनाइएको छ ।


**मालपानीको...**


गत फागुन २१ गते निर्वाचन प्रचारमा बालेनलाई मालपानीले गाडी उपलब्ध गराएको सार्वजनिक भएको हो । मालपानीको सम्पत्तिको स्रोत खोजी गरिएमा सरकारको भ्रष्टाचारविरोधी कारबाही थप प्रभावकारी हुने बताउनेहरू पनि धेरै छन् ।

यसअघि सरकार जसको बने पनि भट्टको नाम विचौलियामा जोडिँदै आएको सार्वजनिक भइरहेको हो ।

रास्वपा र यसका सांसद, मन्त्रीहरू बहालवाला न्यायाधीशहरू, पूर्वराजपरिवारको सम्पत्ति छानबिन गर्न आयोग गठन गरिएको हुँदा सम्पत्ति शुद्धीकरण देखावटी हुने र नेपाल ग्रे लिस्टबाट नहट्ने पनि सार्वजनिक भइरहेको छ ।

हार्दिक समवेदना


पूर्णकेशरी छुस्याकी
जन्म : १९९९/११/१२
निधन: २०८३/०३/०४


बिकुराम बोहजु
जन्म : २००१/०८/०५
निधन: २०८३/०३/०६

यस समितिका सदस्य सीतालक्ष्मी छुस्याकीकी ममतामयी माता **पूर्णकेशरी छुस्याकी**को कालगतिले निधन भएको आज सातौं दिन (न्हेनुमा) तथा अर्का सदस्य शिवराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को कालगतिले निधन भएको आज पाँचौं दिनको अवसरमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
**भक्तपुर नगर समिति**

मौसमजन्य भाइरलबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं
चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा